मर्चवारी गाउँपालिका

रुपन्देही जिल्ला, लुम्बिनी प्रदेश, नेपाल

# स्थानीय राजपत्र

मिति:२०८१।१२।०६

# बालअधिकार संरक्षण, सम्बर्धन तथा प्रवर्धन सम्बन्धी एकीकृत कार्यविधि- २०८१

[illegible]वना:

[illegible] तहमा बालबालिकाको हक, हित र अधिकारको संरक्षण, सम्मान, सम्वर्धन प्रवर्धन, प्रचलन तथा [illegible] लागि नेपालको संविधान तथा बालबालिका सम्बन्धी कानुनमा भएका व्यवस्थाको कार्यान्वयन [illegible]न, वाल बचाउ, बाल संरक्षण, बालविकास, बाल सहभागिताको अधिकार लगायत सर्वोत्तम हितको [illegible]न गरी बालमैत्री स्थानीय शासनको प्रवर्धन गर्न एकीकृत कार्यविधि निर्माण गर्न वाञ्छनीय [illegible]नेपालको संविधानकोधारा२२६ को उपधारा (१), बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को [illegible] र स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी मिति [illegible] ....को कार्यपालिकाको बैठकबाट स्वीकृत गरी कार्यविधि जारी गरिएको छ।

[illegible] प्रसाद बरई
गाउँपालिका अध्यक्ष

## परिच्छेद-१

## प्रारम्भिक

**१.संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम **"बाल अधिकार संरक्षण, सम्वर्धन तथा प्रवर्धन सम्बन्धी एकीकृत कार्यविधि-२०८१"** रहेको छ ।

(२) यो कार्यविधि **मर्चवारी गाउँ कार्यपालिकाले** पारित गरेपछि तुरून्त प्रारम्भ हुनेछ ।

**२.परिभाषा :** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा:

क) "ऐन" भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनु पर्छ ।

ख) "नियमावली" भन्नाले बालबालिका सम्बन्धी नियमावली, २०७८ सम्झनु पर्छ ।

ग) "कार्यविधि" भन्नाले **"बाल अधिकार संरक्षण, सम्वर्धन तथा प्रवर्धन सम्बन्धी एकीकृत कार्यविधि, २०८१"** सम्झनु पर्छ।

**घ)** "अध्यक्ष" भन्नाले मर्चवारी गाउँपालिकाको अध्यक्ष सम्झनु पर्छ ।

ङ) "उपाध्यक्ष" भन्नाले मर्चवारी गाउँपालिकाको उपाध्यक्ष सम्झनु पर्छ ।

च) "गाउँपालिका" भन्नाले मर्चवारी गाउँपालिका सम्झनु पर्छ ।

छ) "न्यायिक समिति" भन्नाले मर्चवारी गाउँपालिकाको न्यायिक समिति सम्झनु पर्छ ।

ज) "अस्थायी संरक्षण सेवा" भन्नाले ऐनको दफा ६९ बमोजिमको संरक्षण सेवा सम्झनु पर्छ ।

झ) "परिषद्" भन्नाले ऐनको दफा ५९ बमोजिमको राष्ट्रिय बाल अधिकार परिषद् सम्झनु पर्छ ।

ञ) "मन्त्रालय" भन्नाले सङ्घीय सरकार, महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय सम्झनु पर्छ ।

ट) "प्रमुख प्रशासकीय अधिकृत" भन्नाले मर्चवारी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत सम्झनु पर्छ ।

ठ) "बाल कल्याण अधिकारी" भन्नाले ऐनको दफा ६१ बमोजिम मर्चवारी गाउँपालिकाको बाल कल्याण अधिकारी सम्झनु पर्छ ।

ड) "बालगृह" भन्नाले ऐनको दफा ५२ र नियमावलीको नियम ६२ बमोजिम स्थापना भएको बाल गृह सम्झनु पर्छ ।

ढ) "बाल क्लब" भन्नाले बाल अधिकारको प्रवर्धन तथा बाल संरक्षणका लागि १८ वर्ष उमेर पूरा नभएका बालबालिकाले ऐनको दफा १० अनुरूप गठन भई यस कार्यविधि बमोजिम मर्चवारी गाउँपालिकामा दर्ता भएका बाल क्लब वा संस्था सम्झनु पर्छ ।

ण) "बाल कोष" भन्नाले जोखिममा परेका तथा विशेष संरक्षणको आवश्यक भएका बालबालिकाको तत्काल उद्धार, राहत, पुनःस्थापना, क्षतिपूर्ति प्रदान गर्ने समेतका कार्यका लागि यस कार्यविधिको दफा ३७ बमोजिम स्थापना गरिएको बालकोष सम्झनु पर्छ ।

गंगा प्रसाद बरई
गाउँपालिका अध्यक्ष

त "बालबालिका" भन्नाले १८ वर्ष उमेर पूरा नगरेका व्यक्ति सम्झनु पर्छ ।

थ "बाल मनोविज्ञ वा समाजसेवी"भन्नाले ऐनको दफा ६२ बमोजिम मर्चवारी गाउँपालिकामा सूचीकृत भएका वा सूचीकृत भइ नियुक्त भएको व्यक्ति सम्झनु पर्छ ।

द "विशेष संरक्षणको आवश्यकता भएका बालबालिका" भन्नाले ऐनको दफा ४८ बमोजिमका बालबालिका सम्झनु पर्छ ।

ध "समिति" भन्नाले यस कार्यविधिको दफा २९ बमोजिम मर्चवारी गाउँपालिकामा गठन भएको गाउँ बाल अधिकार समिति सम्झनुपर्छ ।

न "सेवा प्रदायक निकाय" भन्नाले मर्चवारी गाउँपालिका क्षेत्रभित्र सेवा प्रवाह गरिरहेका सरकारी कार्यालय, स्वास्थ्य संस्था, विद्यालय स्रोत केन्द्र, प्रहरी कार्यालय, अस्थायी संरक्षण सेवा केन्द्र, पुनःस्थापना केन्द्र, बालगृह, बालबालिका खोजतलास सेवा तथा बाल हेल्पलाइन सेवा समेतलाई सम्झनु पर्छ ।

प "संस्था" भन्नाले बाल अधिकार प्रवर्धन तथा बाल संरक्षणका लागि प्रचलित कानून बमोजिम दर्ता भइ बालबालिका सम्बन्धी कार्यक्रम सञ्चालन गरिरहेका संघ संस्था, संगठन तथा सामुदायिक संस्थालाई सम्झनु पर्छ ।

फ "अनाथ बालबालिका" भन्नाले प्रचलित कानुन बमोजिमका अनाथ बालबालिका सम्झनु पर्छ ।

ब "स्थानीय शासन" भन्नाले स्वायत्त शासनको अवधारणा अनुरूप नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ बमोजिम जनताको नजिकमा रहेका स्थानीय तहका प्रतिनिधि मार्फत् सञ्चालन गर्ने शासकीय पद्धतिलाई सम्झनु पर्छ ।

भ "बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका" भन्नाले बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ सम्झनुपर्छ ।

म "बालमैत्री शासन" भन्नाले गैर विभेदीकरण, बालबालिकाको सर्वोत्तम हित, सर्वाङ्गीण विकास र अर्थपूर्ण सहभागिताको सिद्धान्तमा आधारित भइ बाल अधिकारको सम्मान, संरक्षण र सम्बर्धन गर्न राज्यको तर्फबाट [illegible] राष्ट्रगत पद्धति र परिपाटीलाई सम्झनु पर्छ ।

य "बालमैत्री गाउँपालिका" भन्नाले अर्थपूर्ण बाल सहभागितालाई सुनिश्चित गर्दै आफैंले आवधिक र वार्षिक योजना तथा बजेट तर्जुमा गरी निर्धारण गरेको न्यूनतम सूचकहरू सुनिश्चित गरी सम्बन्धित [illegible] बालमैत्री गाउँपालिका भनि घोषणा गरिएको मर्चवारी गाउँपालिकालाई सम्झनु पर्छ ।

र "बालमैत्री वडा" भन्नाले स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ बमोजिम सूचक पूरा गरी [illegible] गरेको वडालाई सम्झनुपर्छ ।

ल "बालमैत्री कार्यक्रम" भन्नाले बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिकामा आधारित भई बाल अधिकार प्रवर्धन गर्न सरकारी,गैरसरकारी,निजी,सहकारी तथा सामुदायिक क्षेत्र र साझेदारीमा सञ्चालन हुने [illegible] सम्झनुपर्छ ।

[illegible] प्रसाद बरई
गाउँपालिका अध्यक्ष

## परिच्छेद- २ :
## उद्देश्य तथा सिद्धान्त

**३. उद्देश्य** : यस कार्यविधिको उद्देश्य देहाय बमोजिम रहेको छ :

क स्थानीय तहमा बालबालिका सम्बन्धी कानून र नीतिमा भएका व्यवस्थाहरू कार्यान्वयन गरी बालअधिकारको संरक्षण, सम्मान, सम्वर्धन, प्रचलन तथा परिपूर्ति गर्नु,

ख बालबालिका सम्बन्धी योजना र कार्यक्रमको कार्य सम्पादनमा सहजता ल्याउनु,

ग बालमैत्री स्थानीय शासन अवलम्बन एवं तत् सम्बन्धी प्रकिया पूरा गरी गाउँपालिकालाई बालमैत्री घोषणा गर्ने, गराउने ।

## परिच्छेद ३
## बाल अधिकारको प्रवर्धन, बाल संरक्षण गर्ने दायित्व सम्बन्धी व्यवस्था:

**४. बाल अधिकारको प्रवर्धन तथा बाल संरक्षण गर्नु पर्ने** :गाउँपालिकाले आफ्नो क्षेत्रभित्रका बालबालिकाको अधिकार प्रवर्धन एवं बाल संरक्षण कार्यका लागि ऐनको दफा ३ देखि १५ मा उल्लेखित बालबालिकाको अधिकार तथा दफा १६ देखि १९ बमोजिम बालबालिकाप्रतिको दायित्व निर्वाह गर्नु पर्नेछ ।

**५. आवश्यक सेवा प्रवाह सुनिश्चित गर्ने** : (१) बाल अधिकारको संरक्षण तथा प्रचलनको प्रयोजनका लागि गाउँपालिकाले आफ्ना क्षेत्रभित्रका सबै बालबालिकाका लागि निम्नानुसारको सेवा सुलभ र सुनिश्चित रूपले प्रदान गर्नेछ,

क गर्भवती महिलाको स्वास्थ्य र शिशुको स्वस्थ जन्मको लागि आमा तथा शिशु दुवैको नियमित स्वास्थ्य परीक्षण, स्वास्थ्य स्याहार तथा पोषणको बन्दोबस्त,

ख राष्ट्रिय खोप तालिका बमोजिमको खोप सेवा,

ग स्वास्थ्य संस्थाहरूद्वारा निःशुल्क परीक्षण तथा औषधी सुविधा सहितको वार्षिक रूपमा विद्यालय स्वास्थ्य कार्यक्रम सञ्चालन,

घ बालबालिकालाई सामाजिक सेवा तथा मनोवैज्ञानिक सेवा दिने समाजसेवी र मनोविज्ञको सूचीकरण र दक्ष जनशक्तिको अद्यावधिक अभिलेख व्यवस्थापन तथा सेवा प्रवाह,

ङ हिंसा, परित्याग वा अन्य दुर्व्यवहारबाट पीडित बनेका बालबालिकाको उद्धार, उपचार तथा अल्पकालीन आवासको बन्दोबस्त,

च विपद् तथा प्रकोप (भूकम्प,बाढी, पहिरो, आगलागी,वन्यजन्तुको आक्रमण) बाट प्रभावित बालबालिकाको उद्धार उपचार तथा अल्पकालीन स्याहार सहायता,

छ स्थानीय चाडपर्व, विवाह भोज, मेला आदिमा बालबालिकाको सुरक्षार्थ प्राथमिक सेवा,

ज बालबालिकाको निर्वाद जन्मदर्ता,

गया प्रसाद बरई
गाउँपालिका अध्यक्ष

(झ) विशिष्टीकृत सेवा उपलब्ध हुने निकाय वा सेवाप्रदायक समक्ष प्रेषण तथा सिफारिस,

(ञ) आपतमा परेका, बेवारिस फेला परेका वा हराएका बालबालिकाको तत्काल खोज उद्धार, संरक्षण तथा व्यवस्थापनका लागि बाल हेल्पलाइन तथा खोजतलास सेवामा समन्वय,

(ट) बाल हित तथा बालमैत्री वातावरणमा सेवा पाउने सुनिश्चितताका लागि आवश्यक अन्य बन्दोबस्त,

(२) गाउँपालिका क्षेत्रभित्र सेवा प्रवाह गरिरहेका सार्वजनिक, सामाजिक वा निजी सेवाप्रदायक निकाय, संस्था, विद्यालयहरूमा बालमैत्री सेवाप्रवाह तथा बालबालिका विरुद्धका कुनै पनि प्रकारका हिंसा वा दुर्व्यवहार रोकथाम तथा निवारणका लागि बाल अधिकार संरक्षण मापदण्ड निर्माण गरी लागू गराउने छ।

(३) बालबालिकाको संरक्षणका लागि गाउँपालिकाले देहायका उपायहरू अवलम्बन गर्ने छ:

(क) विद्यालयमा राजनीतिक गतिविधि गर्न र बालबालिकालाई दलगत राजनीतिक क्रियाकलापमा सहभागी गराउने कार्यलाई निषेध गर्ने,

(ख) विद्यालय उमेरका बालबालिकालाई विद्यालयमा भर्ना हुनबाट रोक्न वा विद्यालयबाट निष्कासन गर्ने परिपाटीको अन्त्य गर्ने,

(ग) बालबालिकाको उपस्थिति रहने विद्यालय तथा अन्य सेवाप्रवाह स्थानमा तिनका लागि सफा खानेपानी, आरामकक्ष, शौचालय तथा किशोरीका लागि सेनिटरी प्याड सहितका प्राथमिक स्वास्थ्य उपचार सामग्रीको बन्दोबस्त गर्ने,

(घ) विद्यालय र समुदायमा बालबालिका विरुद्ध हुन सक्ने सबै प्रकारका हानिको रोकथाम तथा भय रहित शिक्षण तथा सामुदायिक सिकाइका लागि बाल क्लब मार्फत् बालबालिकाका रचनात्मक क्रियाकलापलाई प्रोत्साहित गर्ने,

(ङ) बालबालिका विरुद्ध हुन सक्ने हिंसा, दुर्व्यवहार, बाल श्रम तथा शोषणको अन्त्यका लागि समुदायमा आधारित संरक्षण प्रणाली क्रियाशील बनाउने र प्रेषण प्रणालीलाई प्रभावकारी पार्ने,

(च) जनप्रतिनिधि तथा कर्मचारीलाई बाल अधिकार तथा बालमैत्री व्यवहार र बालमैत्री शासन सम्बन्धी प्रशिक्षित गर्ने,

(छ) बाल संरक्षण तथा प्रेषण प्रणालीलाई वडा तथा पालिकाको योजना तथा वार्षिक कार्यक्रममा समावेश गरी नियमित चालु राखे,

(ज) प्रत्येक वडामा बाल उद्यान र खेल मैदान, पुस्तकालय तथा वाचनालयहरूको व्यवस्था तथा सञ्चालन गर्ने

(झ) ३ देखि ५ वर्ष उमेरका बालबालिकालाई प्रारम्भिक बालविकास केन्द्र र ६ देखि १३ वर्ष उमेरका बालबालिकालाई अनिवार्य विद्यालय भर्ना गर्ने र नियमित विद्यालय पठाउने बन्दोबस्त गर्ने,

**६ शिक्षाको अधिकार सुनिश्चित गर्नु पर्ने :**

(क) प्रत्येक विद्यालयमा बालमैत्री भौतिक संरचनाको व्यवस्था (सुरक्षित पर्खाल वा घेराबार, बेन्च, डेस्क टेबल, उज्यालो कोठा र हावा राम्रोसँग आउने जाने ) कुनै पनि किसिमको अपहेलना, हिंसा, दुर्व्यवहार

... प्रसाद बरई
गाउँपालिका अध्यक्ष

नभएको, अस्वस्थ खाना लगायतका कार्यहरू निषेध गर्ने एवं लैङ्गिक तथा अपाङ्गमैत्री शौचालय, स्वच्छ खानेपानी र सरसफाइ, महिनावारी सामग्री तथा प्राथमिक उपचार बाकस, बालमैत्री पठनपाठन, खेल मैदान सबै अवस्थाका विद्यार्थी मैत्री खेलकुद र सामग्रीको व्यवस्था गरिनेछ ।

ख. गाउँपालिकाका सबै बालबालिकालाई प्रारम्भिक बाल विकास केन्द्र र विद्यालय भर्ना गर्ने व्यवस्था गरिनेछ ।

ग आफ्नो क्षेत्र भित्रका आर्थिक रूपमा विपन्न परिवारका र विशेष संरक्षणको आवश्यकता भएका विद्यार्थीलाई लक्षित छात्रवृत्ति, निःशुल्क पोसाक, शैक्षिक सामग्री लगायत अन्य सेवा उपलब्ध गराउन सक्नेछ

घ आफ्नो क्षेत्रभित्रका विद्यालयमा ऐनको दफा ५७ बमोजिम बालसंरक्षण सम्बन्धी मापदण्ड लागू गर्न तथा शिक्षक, अभिभावक लगायत अन्य सरोकारवालाका लागि आचारसंहिता बनाई लागू गर्न प्राविधिक सहायता उपलब्ध गराउनु पर्नेछ ।

ङ विद्यालयको शिक्षण सिकाइ प्रक्रियामा बालबालिकाको सहभागिताको प्रवर्धन गर्न मापदण्ड बनाई लागू गर्न सक्नेछ ।

च विद्यालय छोड्ने दरलाई न्यून बनाउन तथा शिक्षण सिकाइलाई प्रविधिमैत्री बनाउन विशेष कार्यक्रम लागु गर्न सक्नेछ ।

छ आफ्नो क्षेत्रभित्रका विद्यालयमा विद्यार्थीलाई लक्षित छात्रवृतिको विवरण यकिन गर्न तथा शैक्षिक [illegible]स्तर अभिवृद्धि गर्न नियमित अनुगमन गर्न पर्नेछ ।

ज विद्यालय बाहिर रहेका किशोर किशोरीहरूका लागि जीवन उपयोगी तथा नेतृत्व सिप विकासका लागि [illegible] तहमा रूपान्तरण कक्षा सञ्चालन गर्ने ।

झ [illegible]का तथा वडाको योजना तर्जुमा प्रक्रियामा बालबालिकाको सहभागिता प्रवर्धन गर्न बालक्लब वा [illegible] बालभेला गरी उनीहरूका विचार लिने तथा सोको उचित सुनुवाइ गरिनेछ ।

ञ [illegible]यमा स्वास्थ्य सेवाको प्रबन्ध तथा आवश्यकता अनुरुप विद्यार्थीहरूलाई मनोसामाजिक सहयोग [illegible] गर्ने व्यवस्था गरिने छ ।

**[illegible] संरक्षण सुनिश्चित गर्नुपर्ने :**

[illegible]िकाले बालबालिकामाथि हुन सक्ने बालविवाह, बाल श्रम, कुनै पनि प्रकारका भेदभाव, हिंसा, [illegible] शोषण र आर्थिक शोषण, शारीरिक शोषण तथा यौन शोषणसमेत र परम्परागत हानिकारक [illegible]का हानिबाट संरक्षण गर्न सचेतना एवं रोकथाममूलक कार्यक्रम अभियान सञ्चालन गर्नु [illegible] :

[illegible] संरक्षणको आवश्यकता भएका बालबालिका तथा आधारभूत अधिकारबाट वञ्चित, एच.आइ.भी. [illegible] संक्रमित तथा प्रभावित लगायत जोखिममा रहेका बालबालिकाको संरक्षण सुनिश्चित गर्न [illegible] शीघ्र सम्बोधन एवं घटना व्यवस्थापन सम्बन्धी विशेष कार्यक्रम तथा कार्य प्रकृया लागू गर्न [illegible]

[illegible] प्रसाद बराई
गाउँपालिका अध्यक्ष

ग. जोखिममा रहेका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको तत्काल उद्धार गर्न, संरक्षण गर्न एवं अन्य व्यवस्था गर्न सम्बन्धित निकाय तथा सेवा प्रदायकसँग समन्वय तथा सहकार्य गर्न सक्ने छ ।

**९.बालबालिकाको वैकल्पिक हेरचाहको प्रबन्ध गर्नुपर्ने :**

१.गाउँपालिकामा फेला परेका विशेष संरक्षणका आवश्यकता भएका बालबालिकामध्ये ऐनको दफा ४८ को उपदफा (१) को खण्ड (क), (ख), (ग) (घ),(ङ),(च) र(छ) बमोजिमका वैकल्पिक हेरचाहको आवश्यकता भएमा बालबालिकालाई संरक्षण गर्न दफा ४९को खण्ड (क) (ख) र (ग)मा उल्लेखित प्राथमिकता क्रम अनुरूप हेरचाहको प्रबन्ध गर्न सिफारिस गर्नुपर्ने छ ।

२. उपदफा (१) बमोजिम वैकल्पिक हेरचाहको प्रबन्ध गर्न नसकिएमा ऐनको दफा ४९ को उपदफा को खण्ड (घ)बमोजिम बाल गृहमा राखी हेरचाहको प्रबन्ध गर्न सिफारिस गर्नुपर्ने छ ।

३. उपदफा (२) को प्रयोजनका लागि प्रचलित कानुनबमोजिम दर्ता भएका एवम् अनुमति लिई सञ्चालित बाल गृहसँग समन्वय गरी पालिकाभित्र संरक्षण सेवा उपलब्ध नभएमा अल्पकालीन हेरचाह एवं संरक्षणको लागि सिफारिस गर्न सकिने छ ।

४. गाउँपालिकाले वैकल्पिक हेरचाहको आवश्यकता भएका बालबालिकाको संरक्षणका लागि पालिकाबाट स्रोत विनियोजन गरी अन्य सङ्घ संस्थाहरूको समन्वयमा आफ्नै पालिकाक्षेत्रभित्र अस्थायी संरक्षण सेवा तथा पुनःस्थापना केन्द्र स्थापना गरिने छ ।

५. बालबालिकाको वैकल्पिक हेरचाहको निर्णय गर्दा बाल कल्याण अधिकारीले ऐनको दफा ६२ को उपदफा तथा यस कार्यविधि . बमोजिम यस गाउँपालिकामा नियुक्त समाजसेवीको राय लिनु पर्ने छ ।

**१०) विशेष संरक्षणको आवश्यकता भएका तथा जोखिम अवस्थामा रहेका बालबालिका सम्बन्धी प्रतिवेदन तयार गर्नु पर्ने :**

१.गाउँपालिकाले विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको बाबुआमा र परिवारको स्थिति, तिनीहरूको हेरचाह तथा पालनपोषणको अवस्था यकिन गरी बालबालिकाको संरक्षण सुनिश्चित गर्न, हेरचाहको व्यवस्थापन गर्न तथा सेवा सुविधा उपलब्ध गराउन सहयोग पुग्ने गरी वार्षिक प्रतिवेदन तयार गर्ने एवं प्रत्येक वर्ष अद्यावधिक गर्नु पर्ने छ ।

२.बाल कल्याण अधिकारीले उपदफा (१) बमोजिमको प्रतिवेदन तयार गर्ने एवं अद्यावधिक गर्ने काममा समाजसेवी वा बाल मनोविज्ञलाई परिचालन गर्न सक्ने छ ।

३.गाउँपालिका भित्र बालबालिकाहरूको अवस्था पहिचान तथा खण्डीकृत तथ्याङ्क व्यवस्थापनका लागि बालसंरक्षण सूचना व्यवस्थापन प्रणाली CPIMS स्थापना गर्ने र सोही प्रणाली मार्फत घटना व्यवस्थापन गरिने छ ।

**११) बालबालिकाको सर्वोत्तम हित कायम गर्नुपर्ने :**

१.गाउँपालिकाका, अन्य सार्वजनिक निकाय, सामाजिक सङ्घ संस्था तथा सेवा प्रदायकले बालबालिकाको सम्बन्धमा काम गर्दा बालबालिकाको सर्वोत्तम हितलाई प्राथमिकतामा राखी काम गर्नुपर्ने छ ।

गाउँपालिका अध्यक्ष

(२) उपदफा (१) बमोजिम बालबालिकाको सर्वोत्तम हित अनुरूप कार्य गर्न, गराउन गाउँपालिकाले सार्वजनिक निकाय, सामाजिक सङ्घसंस्था तथा सेवा प्रदायकलाई प्राविधिक सहयोग एवं क्षमता अभिवृद्धि गर्न सहयोग गर्न सक्ने छ।

## परिच्छेद ४

## बाल कल्याण अधिकारी, समाजसेवी, बाल मनोविज्ञ, तथा सेवाप्रदायक सम्बन्धी व्यवस्था

**१२.बाल कल्याण अधिकारीको नियुक्ति :** (१) ऐनको दफा ६१ र नियमावलीको नियम ८१ बमोजिम हुने गरी एकजना बाल कल्याण अधिकारी नियुक्त गरिने छ।

(२) बाल कल्याण अधिकारीको नियुक्ति नभएसम्म महिला तथा बालबालिका शाखा प्रमुख वा अधिकृत स्तरको कुनै कर्मचारीलाई बाल कल्याण अधिकारी तोक्न सक्ने छ।

(३) उपदफा (१) बमोजिम नियुक्त बाल कल्याण अधिकारीले समितिको सदस्य सचिवको रूपमासमेत काम गर्ने छ।

(४) बाल कल्याण अधिकारी नियुक्त हुनको लागि नियमावलीको नियम ८१ (२) बमोजिमको योग्यता पुगेको हुनु पर्ने छ।

(५) बाल कल्याण अधिकारीको पारिश्रमिक, सुविधा तथा सेवाका शर्त कम्तीमा पनि सहायकस्तर पाँचौं तह सरह हुने छ।

**१३. बाल कल्याण अधिकारीको काम, कर्तव्य र अधिकार :** ऐनमा भएका व्यवस्था तथा नियमावलीको नियम ८२मा उल्लेख भएको काम,कर्तव्य र अधि कार देहाय बमोजिम हुने छ :

क) स्थानीय बाल अधिकार समितिको निर्णय एवं निर्देशन कार्यान्वयन गर्ने, गराउने,

ख) नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहबाट स्वीकृत नीति र योजना अनुरूप समितिको वार्षिक कार्यक्रम र बजेट तर्जुमा तथा कार्यान्वयन गर्न स्थानीय तह र स्थानीय बाल अधिकार समितिलाई आवश्यक सहयोग गर्ने तथा कार्य सम्पादनको प्रगति प्रतिवेदन समितिको बैठकमा पेस गर्ने,

ग) स्थानीय तहभित्र स्थायी तथा अस्थायी रूपमा बसोबास गर्ने सबै बालबालिकाले प्राप्त गर्नुपर्ने हेरचाह, स्वास्थ्य, शिक्षा, संरक्षण तथा सहभागिताको अवस्था सम्बन्धी तथ्याङ्क सङ्कलन र विश्लेषण गरी अधावधिक प्रतिवेदन तयार गर्ने,

घ) स्थानीय तहका जोखिममा परेका, विशेष संरक्षण र वैकल्पिक हेरचाहको आवश्यकता भएका तथा कसुरबाट पीडित बालबालिकाको तत्काल उद्धार, मनोसामाजिक परामर्श, उपचार, अस्थायी संरक्षण, बाबुआमालाई पारिवारिक सहयोग, परिवार पुनर्मिलन तथा वैकल्पिक स्याहार लगायतका कार्य गर्ने,

ङ) कार्ययोजना तयार गरी स्थानीय बाल अधिकार समिति समक्ष स्वीकृतिका लागि पेश गर्ने र स्वीकृत कार्ययोजना कायान्वयन गर्ने,

च) बालबालिका विरुद्धको कसुरको अनुसन्धान प्रक्रियामा पीडित तथा कानुनको विवादमा परेका बालबालिकाको अस्थायी तथा पारिवारिक संरक्षणका लागि प्रहरी कार्यालय तथा अदालतलाई आवश्यक सहयोग उपलब्ध गराउने,

गया प्रसाद बरई
गाउँपालिका अध्यक्ष

(छ)स्थानीय तहभित्र भएको वैकल्पिक हेरचाहको व्यवस्था, पुन:स्थापना केन्द्र, अस्थायी संरक्षण सेवा, निगरानी कक्ष तथा बालबालिकालाई शैक्षिक प्रयोजनका लागि राखिएका मठ, गुरुकुल, गुम्बा, मदरसा, चर्च जस्ता आवासीय गृहको नियमित अनुगमन गरी सोको प्रतिवेदन स्थानीय बाल अधिकार समिति तथा अन्य सम्बन्धित निकायमा पेस गर्ने,

(ज)स्थानीय तहमा भएका बाल अधिकार उल्लङ्घन सम्बन्धी घटनामा बालबालिकाको तत्काल उद्धार, राहत, संरक्षण सम्बन्धी कार्य गर्ने,

(झ)बालबालिकाको संरक्षक नियुक्तिका लागि प्रचलित कानून बमोजिम अदालतमा निवेदन दिने,

(ञ)बालबालिकाको लागि वैकल्पिक हेरचाहको उपलब्धताको प्रतिवेदन अदालतले माग गरेको अवस्थामा पेस गर्ने,

(ट)वैकल्पिक हेरचाहमा राखिएका बालबालिकाको जन्मदर्ता गर्न, नागरिकता बनाउन र निजको चल अचल सम्पत्तिको अभिलेख राखी संरक्षण गर्न सम्बन्धित निकायमा सहजीकरण तथा सिफारिस गर्ने,

(ठ)बालबालिकाको गोपनीयताको हकको उल्लङ्घन नहुने गरी प्रचलित कानुन बमोजिम प्रकाशित गनुपर्ने सूचना तथा प्रतिवेदन स्थानीय बाल अधिकार समितिको स्वीकृतिमा प्रकाशन गर्ने र सोको विवरण आर्थिक वर्ष समाप्त भएको साठी दिनभित्र प्रदेश बाल अधिकार समिति र परिषद्मा पेस गर्ने,

(ड)स्थानीय तहको योजना तर्जुमा प्रक्रियामा बालबालिकाका विषयलाई प्राथमिकता दिन पहल गर्ने,

(ढ)स्थानीय तहमा बालश्रम, बालविवाहको अन्त्य गर्न बालमैत्री विद्यालय, बालमैत्री स्थानीय शासन प्रवर्धन गर्न आवश्यक समन्वय तथा सहजीकरण गर्ने,

(ण)स्थानीय बाल अधिकार समितिबाट प्रत्यायोजित अन्य काम गर्ने ।

**१४.समाजसेवी तथा बाल मनोविज्ञको सूचीकरण तथा नियुक्ति:** (१) समाजसेवी तथा बाल मनोविज्ञको सूचिकरण र नियुक्ति ऐनको दफा ६२ तथा नियमावलीको नियम ८३ बमोजिम हुनेछ ।

(२)गाउँपालिकामा रहेर समाजसेवी तथा बाल मनोविज्ञको रूपमा काम गर्न नियमावलीको नियम ८३ अनुसार देहाय बमोजिमको योग्यता पुगेको हुनुपर्ने छ ।

क)नेपाली नागरिक हुनुपर्ने छ,

ख)नैतिक पतन देखिने फौजदारी अभियोग वा बालबालिका विरुद्धको कसुरमा अदालतबाट कसुरदार नठरिएको,

ग)असल चरित्र भएको,

घ)समाजसेवीको रूपमा सूचीकृत हुनका लागि मान्यता प्राप्त शैक्षिक संस्थाबाट सम्बन्धित विषयमा स्नातक गरेको वा कम्तीमा प्रविणता प्रमाणपत्र तह वा १२ कक्षा उत्तीर्ण र सामाजिक कार्य सम्बन्धी विषयमा कम्तीमा १ महिनाको तालिम प्राप्त गरेको,

गया प्रसाद बरई
गाउँपालिका अध्यक्ष

ङ)मनोविज्ञको रूपमा सूचीकृत हुनका लागि मान्यताप्राप्त शैक्षिक संस्थाबाट मनोविज्ञान वा सम्बन्धित विषयमा स्नातक गरेको वा कम्तीमा प्रविणता प्रमाणपत्र तह वा १२ कक्षा उत्तीर्ण र मनोविज्ञान सम्बन्धमा कम्तीमा १ महिनाको तालिम प्राप्त गरेको,

(३)समाजसेवी तथा बाल मनोविज्ञलाई सूचीकृत गर्नका लागि समितिले इच्छुक व्यक्तिलाई निवेदन पेस गर्न आवश्यक कागजात तथा विवरणको सूचीसमेत संलग्न गरी २१ दिनको म्याद दिई आम सञ्चारका माध्यमद्वारा सार्वजनिक सूचना जारी गर्नु पर्नेछ ।

(४)समाजसेवी तथा बाल मनोविज्ञको रूपमा काम गर्न इच्छुक व्यक्तिले उपदफा (२) बमोजिमको सूचना अनुरूप योग्यता खुलेको प्रमाण तथा व्यक्तिगत विवरण सहित समितिमा निवेदन दिनु पर्नेछ ।

(५)नियमावलीको उप नियम बमोजिम परेको निवेदनको जाँचबुझ गर्दा समितिले तोकेको न्यूनतम योग्यता पुगेका निवेदकलाई समाजसेवी तथा बाल मनोविज्ञका रूपमा कार्य गर्न समितिले सूचीकृत गरी सोको सूचना प्रकाशन गर्नु पर्नेछ ।

(६)सूचीकृत समाजसेवी तथा बालमनोविज्ञ मध्येबाट गाउँपालिकामा रहेर बाल संरक्षण सम्बन्धी कार्य गर्न तथा सेवा प्रवाह गर्न समितिको सिफासमा आवश्यक सङ्ख्यामा समाजसेवी तथा बाल मनोविज्ञ नियुक्त गर्न सक्ने छ ।

(७)समाजसेवी तथा बाल मनोविज्ञको छनौट र नियुक्तिको प्रक्रिया, निजको काम, कर्तव्य, अधिकार, पारिश्रमिक तथा सेवा सुविधा गाउँपालिकाले निर्णय गरेबमोजिम हुने छ ।

**१५.समाजसेवी तथा बाल मनोविज्ञको काम, कर्तव्य र अधिकार :**

(१)ऐन तथा नियमावलीमा तोकिएको काम,कर्तव्य र अधिकारको अतिरिक्त समाजसेवी तथा बाल मनोविज्ञले बाल कल्याण अधिकारीको प्रत्यक्ष निर्देशन र सुपरीवेक्षणमा बालबालिकाको हक अधिकार प्रवधन एवं बाल संरक्षण सम्बन्धी कार्य तथा सेवा प्रवाह गर्नु पर्नेछ ।

**१६.सेवा प्रदायक निकाय नक्साङ्कन तथा सूचीकरण:**

(१) गाउँपालिका क्षेत्रभित्र बाल संरक्षण, बाल अधिकारको प्रचलन, संरक्षण,प्रवर्धन तथा विकासको क्षेत्रमा कृयाशील निकाय तथा सङ्घ संस्थाहरूको सूचीकरण गर्नुपर्ने छ ।

(२)सूचीकृत भएका सेवा प्रदायकलाई समितिले आवश्यक सम्झौता गरी लक्षित सेवा प्रवाह गर्न सहकार्य गर्न सक्ने छ ।

**परिच्छेद - ५**

**वैकल्पिक हेरचाहको व्यवस्था**

**विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण**

**[illegible]मा परेका तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाबारे सूचना दिनुपर्ने :** (१) [illegible]ङ्का तथा विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाबारे थाहा पाउने जो कोहीले वडा [illegible] समिति, पालिका स्तरीय बाल अधिकार समिति, बालकल्याण अधिकारी, स्थानीय प्रहरी, बाल,

[illegible] प्रसाद बरड्
गाउँपालिका अध्यक्ष

बालबालिका खोजतलास सेवा १०४, बाल हेल्पलाईन सेवा १०९८,वा अन्य माध्यमबाट यथाशक्य छिटो सूचना दिनु पर्नेछ ।

(२) आमाबाबु वा अभिभावक, शिक्षक, बालबालिकाको संरक्षक,स्वास्थ्यकर्मी, मनोविमर्शकर्ता लगायतले बालबालिकामाथि हिंसा, दुर्व्यवहार र शोषण भएको जानकारी पाएमा एवं तत् सम्बन्धी कुनै सङ्केत चिन्ह वा लक्षण देखेमा नजिकको प्रहरी कार्यालय, वडा कार्यालय, स्थानीय बाल अधिकार समिति वा बाल कल्याण अधिकारीलाई सूचना दिनु पर्नेछ ।

(३ उपदफा (२) बमोजिम तथा अन्य कुनै स्रोतबाट सूचना प्राप्त गरेपछि बाल कल्याण अधिकारीले समितिसँग समन्वय गरी उक्त सूचनाको अभिलेखिकरण गर्ने, सूचनाको सत्य तथ्य जाँचबुझ गर्ने र जोखिमपूर्ण अवस्थामा रहेका बालबालिकाको तत्काल उद्धार गर्नु, गराउनु पर्नेछ ।

(४) उद्धार गरिएका बालबालिकाको स्वास्थ्य परीक्षण एवं उपचार, खाना, अस्थायी संरक्षण, कानूनी सहयोग, मनोविमर्श सेवा लगायतका आवश्यक सेवाको प्रबन्ध गर्नु पर्नेछ । त्यस्तो सेवा प्रदान गर्दा एकद्वार संकट व्यवस्थापन केन्द्र (OCMC) सँग समन्वय एवं सहकार्य गर्न सकिने छ ।

(५) जोखिममा रहेका बालबालिकाको उद्धार, संरक्षण र पुनःस्थापना कार्य गर्दा अन्य निकायसँग समन्वय तथा सहकार्य गर्न सकिने छ ।

१८. **उद्धार टोलीको गठन गर्नुपर्ने :** (१) विशेष संरक्षणको आवश्यकता भएका तथा जोखिममा रहेका बालबालिकाको उद्धार गर्नुपर्ने देखिएमा बाल कल्याण अधिकारीले समितिसँग समन्वय गरी उद्धार टोली गठन गर्नु पर्नेछ ।

(२) उपदफा (१) बमोजिमको उद्धार टोलीमा बाल कल्याण अधिकारी, सम्बन्धित वडाको जनप्रतिनिधि, समाजसेवी वा बाल मनोविज्ञ, प्रहरी कर्मचारी, गाउँपालिकाका प्रतिनिधि रहन सक्नेछन् ।उद्धार टोलीमा बालबालिका खोजतलास सेवा र बाल हेल्पलाइन सेवाका प्रतिनिधि, सामाजिक कार्यकर्ता, सेवा प्रदायक निकाय र संस्थाका प्रतिनिधिसमेत रहन सक्ने छन् ।

३ उपदफा (१) बमोजिमको कार्यदलमा रहने कर्मचारीलाई बाल अधिकार, बाल संरक्षण, उद्धार कार्यको प्रक्रिया, घटना व्यवस्थापन र उद्धार टोलीले पालना गर्नुपर्ने आचारसंहिता लगायतका विषयमा प्रशिक्षण प्रदान गर्नु पर्नेछ ।

(४) उपदफा (१) बमोजिमका बालबालिकाको संरक्षण गर्न नेपाल सरकार, प्रदेश सरकार र अन्य स्थानीय तहले सञ्चालन गरेका अस्थायी संरक्षण सेवामा समन्वय गरी बालबालिका पठाउन सक्ने छ ।

५) गाउँपालिकाभित्र बालसंरक्षणका सवालहरूको अवस्था अनुगमनका लागि उद्धार टोलीबाट आवश्यकता अनुसार र कम्तीमा वर्षको २ पटक अनुगमन गरी सवालहरूको अवस्था विश्लेषण र प्राथमिकीकरण तथा सम्बोधनका लागि कार्ययोजना तयार गरिने छ ।

६) अनुगमन खर्च व्यवस्थापन पालिकाको प्रावधान अनुसार गर्न सकिने छ ।

१९. **पारिवारिक पुनर्मिलन तथा सामाजिक पुनःस्थापना गर्नुपर्ने :** (१) विशेष संरक्षणको आवश्यकता भएका, जोखिमपूर्ण अवस्थामा रहेका तथा अस्थायी संरक्षण सेवामा रहेका बालबालिकाको परिवारको खोजी गरी सम्भव भएसम्म परिवारमा पुनर्मिलन गराउनु पर्नेछ ।

गंगा प्रसाद बरई
गाउँपालिका अध्यक्ष

(२) उपदफा (१) बमोजिम परिवार फेला नपरेका तथा परिवारमा पुनर्मिलन गराउनु बालबालिकाको सर्वोत्तम हित अनुरूप हुने नदेखिएमा निजलाई सामाजिक पुनःस्थापना तथा लामो अवधिको हेरचाहको प्रबन्ध गर्नु पर्नेछ ।

(३) बालबालिका पुनर्मिलन गराइएका परिवारलाई सम्बन्धित निकायसँग समन्वय गरी आवश्यकता अनुसार आर्थिक, भौतिक एवं जीविकोपार्जन सहयोग, सिप विकास तालिम,मनोसामाजिक सहयोग प्रदान गरी परिवार सुदृढीकरण गर्नु पर्ने छ ।

(४) घरेलु बाल श्रम लगायत अन्य प्रकारका श्रममा बालबालिकाको संलग्नताबारे खोजी गर्न तथा सूचना दिन टोल विकास संस्था, विद्यालय व्यवस्थापन समिति, शिक्षक अभिभावक संघ, विद्यालयको गुनासो सुन्ने शिक्षक, महिला समूह, बाल क्लब समेतलाई परिचालन गर्न सकिने छ ।

२०. **बाल श्रम प्रयोगमा निषेध र निरुत्साहित गर्नुपर्ने :** (१) गाउँपालिकाले सञ्चालन गरेका आयोजना, परियोजनामा बाल श्रमिकको प्रयोगलाई निषेध गरिने छ ।

(२) गाउँपालिकासँग सम्झौता गरी आयोजना, परियोजना सञ्चालन गर्दा त्यस्तो सम्झौता पत्रमा नै कानून विपरीत बालश्रम प्रयोग नगरिने बुँदा उल्लेख गरी प्रतिबद्धता लिनुपर्ने छ ।

(३) गाउँपालिकाले खरिद गर्ने वस्तु तथा सेवामा बाल श्रम प्रयोग नभएको यकीन गरेर मात्र खरिद गर्नुपर्ने छ ।

(४) गाउँपालिकाभित्र सञ्चालनमा रहेका उद्योग व्यवसाय, प्रतिष्ठान र रोजगारदाताले कानून विपरीत बालबालिकालाई श्रममा नलगाएको यकिन गर्न गाउँपालिकाले कम्तीमा वर्षमा दुई पटक अनुगमन गर्नुपर्ने छ ।

## परिच्छेद-६

## बाल सहभागिता तथा बाल क्लब, बाल सञ्जाल र बाल संस्था सञ्चालन

**२१ बाल क्लब वा संस्थाको प्रकार :** बालक्लब वा संस्था देहाय बमोजिम तीन प्रकारका हुने छ ।

**(क) समुदायमा आधारित बाल क्लब वा संस्थाः**

(अ) गाउँटोल, बस्ती वा वडा भित्रका कुनै स्थान विशेष वा भौगोलिक क्षेत्रमा बसोबास गर्ने बालबालिकालाई समेटेर गठन भएका बाल क्लब वा संस्थालाई समुदायमा आधारित बाल क्लब वा संस्था मानिने छ ।

(आ) समुदायमा आधारित बाल क्लब वा संस्थाले सम्बन्धी भौगोलिक क्षेत्रभित्रका सबै उमेर,लिङ्ग, जातजाति, वर्ग, अपाङ्गता भएका बालबालिकालाई समेटी सामाजिक तथा सांस्कृतिक विविधता अनुरूप समावेशी प्रतिनिधित्व एवं सहभागिता सुनिश्चित गर्नुपर्ने ।

**(ख) विद्यालयमा आधारित बाल क्लब वा संस्था :**

(अ) विद्यालयमा अध्ययनरत बालबालिकालाई समेटेंर उक्त विद्यालयमा गठन भएको बाल क्लव वा संस्थालाई विद्यालयमा आधारित बालक्लव वा संस्था मानिने छ ।

... प्रसाद बरै
गाउँपालिका अध्यक्ष

आ) विद्यालयमा आधारित बाल क्लब वा संस्थाले उक्त विद्यालयमा अध्ययनरत भिन्न उमेर, लिङ्ग, जातजाति, अपाङ्गता भएका र फरक कक्षामा पढ्ने विद्य र्थीलाई समेटी समावेशी प्रतिनिधित्व तथा सहभागिताको सुनिश्चित गर्नुपर्ने छ ।

**(ग) विशिष्टिकृत बाल क्लब वा संस्था :**

(अ) बाल अधिकार तथा बाल संरक्षणसँग सम्बन्धित खास विषय जस्तै बालिकाहरूका सवाल,स्वास्थ्य तथा सरसफाइ, जलवायु परिवर्तन, बाल श्रम आदिमा केन्द्रित भई कार्य गर्नेगरी समुदायमा गठन भएका बाल क्लब वा संस्थालाई विशिष्टीकृत बाल क्लब वा संस्था मानिने छ,

(आ)गाउँपालिका भित्र रहेका अन्तर्राष्ट्रिय रूपमा स्थापित स्काउट, जुनियर रेडक्रस सर्कल, लियो क्लब लगायत स्वयंसेवी बाल समूहलाई समेत विशिष्टीकृत बाल क्लब वा संस्था मानिने छ ।

**२२.बाल क्लब वा संस्थाको गठन :** (१) २५ जना वा सो भन्दा बढी बालबालिका भेला भई बाल अधिकार प्रवर्धन गर्न तथा आफ्नो सरोकारको विषयमा कार्य गर्न समुदायस्तर, विद्यालयको तहमा बाल क्लब वा संस्थाको गठन गर्न सक्ने छन् ।

(२) एक विद्यालयमा एक मात्र बाल क्लब वा संस्था गठन गर्न सकिने छ ।

(३) बाल क्लब वा संस्थामा आबद्ध सबै बालबालिका उक्त बाल क्लब वा संस्थाको साधारण सदस्यका रूपमा रहने छन् ।

(४) बाल क्लब वा संस्थाको साधारण सदस्यहरूमध्येबाट देहाय बमोजिमका पदाधिकारी तथा सदस्य रहेको एक कार्यसमिति गठन गर्न सकिने छः

क) अध्यक्ष : १ जना

ख) उपाध्यक्ष : १ जना

ग) सचिव : १ जना

घ) सहसचिव : १ जना

ङ) कोषाध्यक्ष : १ जना

च) कार्यकारी सदस्य ६ जनासम्म (कम्तिमा ३ जना बालिका पर्ने गरी)

छ) सल्लाहकार २ जनासम्म

(५) उपदफा (४) को खण्ड (क) र (ख) अनुरूपका अध्यक्ष र उपाध्यक्षमध्ये एकजना बालिका हुनु पर्नेछ । (च) बालक्लब वा संस्थाको कार्यसमितिका पदाधिकारी तथा कार्यकारी सदस्यमा बालक र बालिकाको सङ्ख्या सकेसम्म बराबरी हुनेगरी राख्नु पर्नेछ साथै,जनजाति समुदायका, दलित एवं अपाङ्गता भएका बालबालिकालाई कार्य समितिमा प्रतिनिधित्व गराउनुपर्ने छ ।

(६) बाल क्लब वा संस्था र सञ्जालको पदाधिकारी तथा चयन सकेसम्म सहमतिमा गरिनेछ र त्यसो हुन नसकेमा प्रजातान्त्रिक प्रक्रिया अपनाई निर्वाचन गरिने छ ।

गया प्रसाद बराई
गाउँपालिका अध्यक्ष

७) बाल क्लब वा संस्था र सञ्जालको पदाधिकारी तथा कार्यकारी सदस्य बन्न १२ वर्ष उमेर पूरा भएका र १६ वर्ष उमेर पूरा नभएका बालबालिकालाई प्रोत्साहन गरिने छ ।

८) बाल क्लब वा संस्थाले आवश्यकता अनुसार उपसमिति गठन गर्न सक्नेछन्। यस्तो उपसमितिमा ३ देखि ७ जनासम्म सदस्य रहन सक्ने छन् ।

९) बालक्लब वा संस्थाको कार्य समितिका पदाधिकारी तथा कार्यकारी सदस्यको पदावधि २ वर्षको हुनेछ र एकैजना व्यक्ति एउटै पदमा एक कार्यकाल भन्दा बढी बस्न पाउने छैन ।

**२३. बाल क्लब वा संस्थाको वडा वा गाउँपालिकास्तरीय सञ्जाल गठन गर्न सकिने :** (१) बाल क्लब वा संस्थाको वडास्तरीय सञ्जालको गठन देहायबमोजिम हुने छ :

क) कुनै वडामा तीन वा सोभन्दा बढी बाल क्लब वा संस्था भएमा र तिनले संस्थाको वडास्तरीय सञ्जाल गठन गर्न सकिने छ,

ख) वडास्तरीय बाल क्लब वा संस्थाको सञ्जाल गठन गर्ने प्रयोजनका लागि वडाभित्र गठन भई दर्ता एवं नवीकरण भएका समुदायमा आधारित, विद्यालयमा आधारित तथा विशिष्टिकृत बाल क्लबका १ जना बालक र १ जना बालिका गरी २ जना प्रतिनिधिलाई आमन्त्रण गरी एक बालभेला आयोजना गरिने छ,

ग) खण्ड (ख)बमोजिमको भेलामा वडाभित्रका कम्तिमा ६० प्रतिशत बाल क्लब वा संस्थाको प्रतिनिधित्व भई उपस्थितमध्ये ६० प्रतिशत प्रतिनिधिले निर्णय गरेमा बालक्लब वा संस्थाको वडास्तरीय सञ्जाल गठन गरिने छ ।

२) बाल क्लब वा संस्थाको वडास्तरीय सञ्जालको कार्य समितिमा देहाय बमोजिमका पदाधिकारी तथा सदस्य रहन सक्ने छन् :

क. अध्यक्ष : १ जना

ख. उपाध्यक्ष : १ जना

ग. सचिव : १ जना

घ. सहसचिव : १ जना

ङ. कोषाध्यक्ष : १ जना

च. सदस्य : ६ जनासम्म (कम्तिमा ३ जना बालिका पर्ने गरीं

छ. सल्लाहकार : बाल क्लब वा संस्थाको पूर्व सदस्यहरूम ध्येबाट बाल क्लब वा संस्थाको वडास्तरीय सञ्जालको कार्यसमितिले तोकेको १ जना र वडा समितिले तोकेको १ जना गरी जम्मा २ जना १ जना किशोरी पर्ने गरी),

३ उपदफा (२) को खण्ड (क) र (ख) अनुरूपका अध्यक्ष र उपाध्यक्षमध्ये एकजना बालिका हुनु पर्ने छ ।

३ गाउँपालिकाबाट क्षमता विकास तथा कार्यक्रम सञ्चालन सहायता प्रदान गरिने:- (क) बाल क्लब वा ... बालिकाको हक, हित र अधिकारको प्रवर्धन, सृर्जनात्मक गतिविधि, खेलकुद तथा ... मिमका कार्यक्रम सञ्चालनका लागि सहयोग गर्ने छ ।

गया प्रसाद बरई
गाउँपालिका अध्यक्ष

(ख) बाल क्लब वा संस्थाले कार्यक्रम कार्यान्वयनका लागि कार्यक्रमको अवधारणा सहित सहयोगको लागि गाउँपालिकामा निवेदन दिनुपर्ने छ ।

(ग) प्राप्त निवेदनहरूको आधारमा गाउँपालिकाले त्यस्ता कार्यक्रम सञ्चालनको व्यवस्थापन गर्ने छ ।

(घ) बाल क्लब वा संस्थालाई आर्थिक कारोबार सम्बन्धी व्यवहारमा संलग्न गराइने छैन ।

(५) बाल क्लब वा संस्थाको नेतृत्व विकास एवं विषयगत क्षमता अभिवृद्धिका लागि आवधिक रूपमा क्षमता अभिवृद्धि सम्बन्धी कार्यक्रमहरु सञ्चालन गर्ने छ ।

(४) उपदफा १ को खण्ड ख बमोजिम दर्ता एवं नवीकरण भएकामध्ये कम्तिमा ६० प्रतिशत बाल क्लब वा संस्थाको प्रतिनिधित्व भई उपस्थितमध्ये ६० प्रतिशत प्रतिनिधिले निर्णय गरेमा बाल क्लब वा संस्थाको बाल भेलाबाट गाउँपालिका स्तरीय सञ्जाल गठन गरिने छ ।

(५) बाल क्लब वा संस्थाका गाउँपालिकास्तरीय सञ्जालको कार्यसमितिमा देहाय बमोजिमका पदाधिकारी तथा सदस्य रहन सक्ने छन् :

| | |
|---|---|
| क) अध्यक्ष | १ जना |
| ख) उपाध्यक्ष | १ जना |
| ग) सचिव | १ जना |
| घ) सहसचिव | १ जना |
| ङ) कोषाध्यक्ष | १ जना |

च) सल्लाहकार : बाल क्लब वा संस्थाको पूर्व सदस्यमध्येबाट बाल क्लब वा संस्थाको पालिकास्तरीय सञ्जालको कार्यसमितिले तोकेको १ जना र पालिकाको बालबालिकाको विषय हेर्ने शाखाले तोकेको १ जना गरी जम्मा २ जना

(६) उपदफा (५) को खण्ड (क) र (ख) अनुरूपका अध्यक्ष र उपाध्यक्षमध्ये एकजना बालिका हुनुपर्ने छ ।

(७) उपदफा (५) को खण्ड (च)बमोजिमका सदस्यको चयन गर्दा कम्तिमा ५ जना बालिका पर्ने गरी गरिनु पर्दछ ।

(८) बाल क्लब वा संस्थाको गाउँपालिका स्तरीय सञ्जालको पदाधिकारी तथा कार्यसमितिका सदस्यको पदावधि २ वर्षको हुनेछ र एकैजना व्यक्ति एउटै पदमा एक कार्यकाल भन्दा बढी बस्न पाउने छैन ।

**१७. बाल क्लब वा संस्था र सञ्जालको दर्ता तथा नवीकरण सम्बन्धी व्यवस्था :** (१) बाल क्लब वा संस्था तथा वडा वा गाउँ पालिकास्तरीय सञ्जालको दर्ता एवं नवीकरण देहायबमोजिम हुने छ :

(क) वडाभित्र गठन भएका समुदायमा आधारित, विद्यालयमा आधारित तथा विशिष्टीकृत मध्ये विषयगत बाल क्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जालको दर्ता गाउँपालिकामा गरिने छ,

(ख) वडाभित्र गठन भएका बाल क्लब वा संस्था तथा वडास्तरीय सञ्जालको खण्ड क बमोजिम दर्ता गर्नका लागि सम्बन्धित वडा कार्यालयको सिफारिस दिनु पर्ने छ,

...प्रसाद बरई
गाउँपालिका अध्यक्ष

(३) बाल क्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जाल दर्ता गर्नका लागि देहायका विवरण एवं कागजात सहित निवेदन दिनु पर्ने छ :

(बालक्लब वा संस्था र सञ्जाल दर्ताका लागि यसै **"बाल अधिकार संरक्षण, सम्वर्धन तथा प्रवर्धन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ को अनुसूची १ बमोजिमको ढाँचामा निवेदन पेश गर्न सकिने छ)**

(क) बाल क्लब वा संस्था तथा वडा वा गाउँपालिकास्तरीय सञ्जाल दर्ता गर्न चाहने बालबालिकाको नामथर, लिङ्ग, उमेर, अध्ययन गरिरहेको कक्षा, ठेगाना सहितको विवरण,

(ख) प्रस्तावित बाल क्लब वा संस्था तथा वडा वा पालिकास्तरीय सञ्जाल गठन गर्ने सम्बन्धमा भएको छलफल एवं निर्णयको प्रतिलिपि,

(ग) बाल क्लब वा संस्था तथा वडा वा पालिकास्तरीय सञ्जालको उद्देश्य तथा मुख्य कामको विवरण,

(घ) बाल क्लब वा संस्था तथा वडा वा पालिका स्तरीय सञ्जालको सदस्यताको किसिम, सदस्यता लिने प्रक्रिया तथा कार्य समितिका पदहरूको विवरण,

(ङ) उपदफा ३ बमोजिम निवेदन आएमा पालिकाले बाल क्लब वा संस्था तथा वडा वा पालिकास्तरीय सञ्जालको दर्ता गरी, दर्ता किताबमा विवरण दाखिला गरी प्रमाणपत्र दिनु पर्नेछ,

(बाल क्लब वा संस्था र सञ्जाल दर्ताको प्रमाणपत्र यसै **"बाल अधिकार संरक्षण, सम्बर्धन तथा प्रवर्धन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ को अनुसूची २ बमोजिमको ढाँचामा उपलब्ध गराउन सकिने छः**

(च) बाल क्लब वा संस्था तथा वडा वा गाउँ पालिकास्तरीय सञ्जालको नवीकरण प्रत्येक दुई वर्षमा गर्नुपर्ने छ।

(छ) खण्ड (ङ)बमोजिम नवीकरणको लागि बाल क्लब, तथा बडा वा पालिकास्तरीय सञ्जालले दर्ताको अवधि समाप्त भएको मितिले तीन महिनाभित्र देहायको विवरण खुलाई निवेदन दिन सक्ने छन्,

(बाल क्लब वा संस्था र सञ्जाल दर्ता नविकरणका लागि यसै **"बाल अधिकार संरक्षण, सम्वर्द्धन तथा प्रवर्द्धन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ को अनुसूची ३ बमोजिमको ढाँचामा निवेदन दिन सकिने छ।**

(ज) खण्ड (च)बमोजिम निवेदन आएमा गाउँ पालिकाले बाल क्लब वा संस्था तथा वडा वा पालिकास्तरीय सञ्जालको नवीकरण गरिदिई तत् सम्बन्धी अभिलेख दुरुस्त राख्नु पर्ने छ,

(झ) बाल क्लब वा संस्था तथा वडा वा गाउँ पालिकास्तरीय सञ्जालको दर्ता तथा नवीकरण निःशुल्क गरिने छ।

(४) समितिले आफ्नो गाउँपालिका भित्र दर्ता, नवीकरण भई सञ्चालनमा रहेका बालक्लब वा संस्था तथा वडा वा पालिकास्तरीय सञ्जालको अभिलेख वार्षिक रूपमा अद्यावधिक गरी दुरुस्त राख्नु पर्नेछ।

(५) समितिले बाल क्लब वा संस्था तथा वडा वा पालिकास्तरीय सञ्जालको विवरण वार्षिक रूपमा लुम्बिनी प्रदेशको प्रदेश बाल अधिकार समिति र राष्ट्रिय बाल अधिकार परिषद्मा पठाउनु पर्नेछ।

(६) समितिले बाल क्लब वा संस्था तथा वडा वा गाउँ पालिकास्तरीय सञ्जालको प्रगति एवं उपलब्धिको प्रकाशन र प्रसारण गर्न सक्ने छ।

गया प्रसाद बरई
गाउँपालिका अध्यक्ष

**२५.बाल सहभागिता प्रवर्धन गर्नुपर्नेः**

(१) गाउँपालिकाले बालबालिकासँग सम्बन्धित विषयमा आवधिक र वार्षिक योजना तर्जुमा गर्दाको निर्णय प्रक्रियामा बालबालिकाको सहभागिता गराउने छ

(२)बाल सहभागिता प्रवर्धन गर्नका लागि पालिकाले देहायका प्रक्रिया अवलम्बन गर्नु पर्ने छ :

(क)बालबालिकासँग सम्बन्धित वा उनीहरूको सरोकारका विषयमा कानूनले निषेध गरेको अवस्थामा बाहेक बालबालिकाले माग गरेको सूचना निःशुल्क उपलब्ध गराउने,

(ख) बालबालिका बा बाल अधिकारसम्बन्धी आफ्नो योजना तर्जुमा प्रक्रिया र कार्यान्वयनका चरणमा बालक्लब वा संस्था तथा वडा वा गाउँ पालिकास्तरीय सञ्जालबाट बालबालिकाको प्रतिनिधित्व गराउने,

(ग) वडा तह वा विद्यालयले बनाउने योजना तथा कार्यक्रममा बाल क्लब वा संस्थाका प्रतिनिधिसमेतलाई सहभागी गराई बाल भेलामार्फत बालबालिकालाई सामूहिक धारणा राख्ने अवसर उपलब्ध गराउने,

(घ) बाल क्लब वा संस्था तथा वडा वा गाउँ पालिकास्तरीय सञ्जालसँग सहकार्य गरी विद्यालय तथा वडास्तरमा सह शैक्षिक क्रियाकलापहरू सञ्चालन गरी बालसहभागितालाई प्रोत्साहन गरिने,

(३) गाउँपालिकाले बालसहभागिता प्रवर्धन गर्दा देहायका कार्य गर्न,गराउन रोक लगाउन सक्ने छः

(क) बालबालिकाको अध्ययनमा लगातार बाधा पुग्नेगरी कार्यक्रम सञ्चालन गर्न वा त्यस्तो कार्यक्रममा

बालबालिकालाई सहभागी गराउन,

(ख) बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, आध्यात्मिक, सामाजिक विकासमा असर पुऱ्याउने खालका कुनै गतिविधि वा कार्यमा बालबालिकालाई संलग्न गराउन,

(ग) आमाबाबु, संरक्षक, विद्यालय, गैरसरकारी संस्था, सरकारी निकाय वा राजनीतिक दलको अभिष्ट पूरा गर्न बालबालिकाको हित विपरित ऱ्याली, जुलुस, सभामा सहभागी गराउन,

(घ) कानूनले निषेध गरेका कुनै पनि कार्य, हानिकारक हुनसक्ने परम्परागत अभ्यास लगायतमा कुनै बालबालिका एवं बालक्लब वा संस्था तथा वडा वा पालिकास्तरीय सञ्जालका सदस्यलाई सहभागी गराउन

।

**२६. बाल भेलाको आयोजना गर्न सकिनेः** (१) गाउँपालिकाले बालबालिका तथा बाल क्लब वा संस्था तथा वडा वा पालिकास्तरीय सञ्जालका प्रतिनिधिसमेत लाई आमन्त्रण गरी प्रत्येक वर्ष बाल भेला आयोजना गर्न सक्ने छ ।

(२) उपदफा (१) बमोजिमको बाल भेलाको आयोजना गर्दा राती बास बस्नेगरी आफ्नो थातथलो भन्दा अन्यत्र जानुपर्ने भएमा बालबालिकाका आमाबाबु, अभिभावक वा संरक्षकसँग मञ्जुरी लिन पर्नेछ र अभिभावकलाई संरक्षकको रूपमा लैजानु पर्ने छ ।

**२७.बाल क्लब वा संस्था तथा वडा वा पालिकास्तरीय सञ्जालको काम, कर्तव्य र अधिकार :**

(१)बाल क्लब वा संस्था तथा वडा वा पालिकास्तरीय सञ्जालको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ,

गाउँपालिका अध्यक्ष

(क)बाल क्लब वा संस्थाको नेतृत्व तथा यसका क्रियाकलापमा अधिकतम बालबालिकाले अवसर पाउने गरी कार्यक्रम सञ्चालन गर्ने,

(ख) बालबालिकाको हक हित तथा अधिकारको प्रवर्धन, सिर्जनात्मकता, खेलकुद तथा पठनपाठनमा सहयोग पुग्ने गरी कार्यक्रम सञ्चालन गर्ने,

(ग) सदस्य बालबालिकाको क्षमता विकास गर्ने गरी हाजिरी जवाफ, वकृत्वकला, निबन्ध लेखन,साहित्यिक गतिविधि लगायतका क्रियाकलाप सञ्चालन गरी उनीहरूमा अन्तर्निहित प्रतिभाको प्रस्फुटन गर्न सघाउने,

(घ) बाल अधिकार, बालसंरक्षण, जीवन उपयोगी सीप, किशोरावस्थामा आउने परिवर्तन, यौन तथा प्रजनन् स्वास्थ्य अधिकार र व्यक्तित्व विकास सम्बन्धी तालिममा बालबालिकालाई सहभागी गराउने,

(ङ) बाल क्लब वा संस्था तथा वडा वा पालिकास्तरीय सञ्जालको तर्फबाट बाल अधिकारको प्रवर्धन तथा बाल संरक्षण सम्बन्धी अभियान वा क्रियाकलाप सम्पन्न गर्न आवश्यकता अनुसार उपसमिति गठन गरी पदाधिकारी तथा सदस्यलाई जिम्मेवारी दिने,

(च) बालबालिकाको सिकाइ एवं पठनपाठन संस्कृति बढाउन पुस्तकालय, वाचनालय, सूचना केन्द्र स्थापना एवं सञ्चालन गर्न पालिका वा अन्य संघ संस्था वा निकाय समक्ष पैरवी गर्ने,

(छ) बालबालिका, उनीहरूका आमाबाबु, अभिभावक र परिवारका अन्य सदस्यलाई बाल अधिकार सम्बन्धि सचेतना बढाउन सघाउने,

(ज) समुदायमा स्वास्थ्य, सरसफाइ र वातावरणका क्षेत्रमा चेतनामूलक क्रियाकलाप सञ्चालन गर्ने,

(झ) बालबालिका माथि हुन सक्ने भेदभाव, हिंसा, दुर्व्यवहार, शोषण, हेपाइ, परम्परागत हानिकारक अभ्यास तथा बेवास्ता लगायत बाल अधिकार हननका घटनाको रोकथाम गर्न, कुनै घटना घटेमा त्यसबारे उजुरी गर्ने संयन्त्र बनाउन तथा घटनाको सम्बोधन गर्न सहकार्य एवं पैरवी गर्ने,

(ञ) आफ्नो समुदायमा विद्यालय भर्ना हुने उमेर समूहका बालबालिका विद्यालय भर्ना हुनबाट वञ्चित रहेका छन कि भनी अनुगमन गर्ने र विद्यालय उमेरका बालबालिका विद्यालय नगएको पाइएमा सम्बन्धित वडा कार्यालयसँग समन्वय गरी विद्यालय भर्ना गर्न पहल गर्ने,

(ट) आफ्नो टोल, समुदाय वा वडामा सञ्चालन भएका विद्यालय भर्ना अभियान, विद्यालयमा भय रहित शिक्षण सिकाइ, जन्मदर्ता, खोप, पोषण, बालविवाह, बाल श्रम विरुद्ध, खुला दिसामुक्त क्षेत्र घोषणा लगायतका अभियानमा सहभागी हुने,

२) बाल क्लब वा संस्था एवं वडा वा पालिकास्तरीय सञ्जालले देहाय बमोजिमका कार्य गर्न, गराउन हुँदैन

क) बाल क्लब वा संस्था तथा वडा वा पालिकास्तरीय सञ्जालको सदस्यता लिन वा तिनको प्रतिनिधित्व गर्न कुनै बालबालिकालाई बाध्य पार्न,

ख)नेपालको सार्वभौमसत्ता, भौगोलिक अखण्डता,राष्ट्रियता,स्वाधीनता तथा विभिन्न जातजाति, धर्म,सम्प्रदाय बिचको सुसम्बन्धमा द्वेष फैलाउने, जातीय भेदभाव वा छुवाछुत गर्न दुरुत्साहन गर्ने र सार्वजनिक शिष्टाचार वा नैतिकताको प्रतिकूल हुने कुनै कार्य गर्न वा गराउन,

गाउँपालिका अध्यक्ष

**२८.बाल क्लब वा संस्था तथा वडा वा पालिकास्तरीय सञ्जालको दर्ता खारेज गर्न सकिने :** (१) पालिका बाल अधिकार समितिले देहायको अवस्थामा बालक्लब वा संस्था तथा वडा वा पालिकास्तरीय सञ्जालको दर्ता खारेज गर्न सक्ने छ :

(क)दर्ता एवं नवीकरण भएको मिति देखि तीन आर्थिक वर्षसम्म नवीकरण नगरेमा,

(ख) बालक्लब वा संस्था तथा वडा वा पालिकास्तरीय सञ्जालका बहुमत सदस्यले बाल क्लब वा संस्था तथा वडा वा पालिका स्तरीय सञ्जाल खारेज गर्न गाउँपालिकामा निवेदन दिएमा,

(ग) बाल क्लब वा संस्था तथा वडा वा पालिकास्तरीय सञ्जाल कानून विपरीतका कार्यमा संलग्न भएको प्रमाणित भएमा ।

(२) उपदफा (१) बमोजिम बाल क्लब वा संस्था तथा वडा वा पालिकास्तरीय सञ्जालको दर्ता खारेज गर्नुअघि समितिले एक उपसमिति वा कार्यटोली गठन गरी वस्तुस्थिति अध्ययन गराउनु पर्ने छ ।

(३) उपदफा (२)बमोजिमको उपसमिति वा कार्यटोलीले दिएको लिखित प्रतिवेदनसमेतको आधारमा समितिले निर्णय गरी बाल क्लब वा संस्था तथा वडा वा पालिकास्तरीय सञ्जालको दर्ता खारेज गर्नको लागि पालिकामा सिफारिस गर्न सक्ने छ ।

## परिच्छेद-७

## स्थानीय बाल अधिकार समिति सम्बन्धी व्यवस्था

स्थानीय बाल अधिकार समितिको गठनः ऐनको दफा ६० को उपदफा (२)बमोजिम मर्चवारी गाउँपालिकामा गाउँ कार्यपालिकाको उपाध्यक्ष वा उपाध्यक्षले तोकेको कार्यपालिकाको सदस्यको अध्यक्षतामा स्थानीय बाल अधिकार समिति रहने छ । स्थानीय बाल अधिकार समितिमा रहने सदस्य सङ्ख्या र त्यस्तो समितिको काम, कर्तव्य र अधिकार तथा बैठक सम्बन्धी कार्यविधि देहाय बमोजिम निर्धारण गरिएको छः

**२९.गाउँ बालअधिकार समितिको गठनः** (१) **गाउँ** बाल अधिकार समितिको गठन देहाय बमोजिम हुने छ :

(क) उपाध्यक्ष वा उपाध्यक्ष तोकेको कार्यपालिका सदस्य -अध्यक्ष

(ख) गाउँपालिकाले तोकेको महिला वडा सदस्य सहित २ जना वडा सदस्य -सदस्य

(ग) गाउँपालिकाले तोकेको माध्यमिक विद्यालयका प्रधानाध्यापक मध्ये १ जना -सदस्य

(घ) गाउँपालिकाले तोकेको (बाल अधिकार, स्वास्थ्य, जेसी, बिपद् आदि) सम्पर्क शिक्षकमध्ये १ जना-सदस्य

(ङ) गाउँपालिकाले तोकेको सूचीकृत समाजसेवी वा सामाजिक कार्यकर्ता बाल मनोविज्ञ वा बाल विशेषज्ञमध्ये १ जना -सदस्य

(च) गाउँपालिकाको बालबालिका शाखा प्रमुख, शिक्षा शाखा प्रमुख र जनस्वास्थ्य शाखा प्रमुख गरी ३ जना -सदस्य

(छ) गाउँ पालिकास्तरीय बाल सञ्जालले तोकेको १ जना बालिका सहित २ जना - सदस्य

गाउँपालिका अध्यक्ष

(ज) बाल अधिकार, बाल संरक्षण वा बाल न्यायका क्षेत्रमा कार्य अनुभव भएका व्यक्ति वा संस्था मध्येबाट गाउँपालिकाले मनोनयन गरेका कम्तीमा १ जना महिला सहित २ जना -सदस्य

(झ) स्थानीय प्रहरी प्रमुख वा निजले तोकेको प्रहरी १ जना -सदस्य

(ञ) गाउँपालिका भित्रको अस्पताल वा स्वास्थ्य संस्थामध्ये गाउँपालिकाले मनोनयन गरेका एकजना प्रतिनिधि -सदस्य

(ट) बाल कल्याण अधिकारी -सदस्य सचिव

**(२)** समितिको संयोजक तथा सदस्यको कार्य काल चार वर्षको हुनेछ र निजहरू पुनः नियुक्त हुन सक्ने छन् ।

**(३)** पदीय हैसियतमा समितिको सदस्यमा मनोनयन भएको कुनै सदस्य मनोनयनका बखत बहाल रहेको पदमा नरहेमा निज समितिको सदस्य रहने छैन ।

(४) उपदफा (३) बमोजिम वा अन्य कुनै कारणबाट समितिको सदस्य पद रिक्त भएमा सो को यथाशीघ्र पदपूर्ति गरिनेछ तर, त्यस्तो पदपूर्ति नभएकै कारण समितिको काम,कारबाहीमा बाधा पुग्ने छैन ।

(५) उपदफा (१) को खण्ड छ बमोजिम बाल क्लब वा संस्थाको गाउँपालिकास्तरीय सञ्जाल गठन नभएको खण्डमा गाउँपालिकामा दर्ता भएका बाल क्लब वा संस्थाले एक एक जना बालबालिका प्रतिनिधि मनोनयन गरी पठाउने छन् ।

(६) उपदफा (१) को खण्ड छ बमोजिमका प्रतिनिधि १८ वर्ष उमेर पूरा भएमा समितिका सदस्य रहने छैनन । यसरी पद रिक्त भएमा बाल क्लब वा संस्थाको गाउँ पालिकास्तरीय सञ्जालले छनौट गरी पठाएको प्रतिनिधि समितिको सदस्यको रूपमा रहने छन् ।

(७) बाल कल्याण अधिकारी नियुक्त नभएसम्म गाउँपालिकाको बालबालिका विषय हेर्ने शाखा (महिला बालबालिका तथा ज्येष्ठ नागरिक शाखा प्रमुख) ले तोकेको सोही शाखाको कर्मचारीले सदस्य (सचिवको रूपमा काम गर्ने छ ।

(८) गाउँपालिकाको अध्यक्ष समितिको संरक्षक रहने छन् ।.

**३०.समितिको बैठक सम्बन्धी व्यवस्था : (१)** समितिको बैठक कम्तीमा दुई महिनामा एक पटक संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ तर, समितिले आवश्यक ठानेमा जुनसुकै बेला समितिको बैठक बस्न सक्ने छ ।

(२) समितिको बैठक समितिको संयोजकको निर्देशनमा सदस्य सचिवले बोलाउने छ ।

(३) सदस्य(सचिवले समितिको बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषयहरूको सूची तीन दिन अगावै समितिका सदस्यहरूलाई उपलब्ध गराउनु पर्ने छ ।

(४) समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको ५० प्रतिशत भन्दा बढी सदस्यहरू उपस्थित भएमा बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिने छ ।

... प्रसाद ... 
...गाउँपालिका अध्यक्ष

(५) समितिको संयोजकले बैठकको अध्यक्षता गर्ने छ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरूले आफूमध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्ने छ ।

(६) बैठकमा उपस्थित सदस्यको बहुमतको निर्णय मान्य हुने छ ।

(७) समितिको बैठकमा आवश्यकता अनुसार बाल अधिकार तथा बाल संरक्षणको क्षेत्रमा कार्यरत निकाय, संघ संस्थाका प्रतिनिधि एवं विज्ञलाई आमन्त्रण गर्न सकिनेछ तर, त्यसरी आमन्त्रित विज्ञले समितिको निर्णयमा मतदान गर्न पाउने छैन ।

(८)समितिको बैठकको निर्णय समितिका सदस्य सचिवले प्रमाणित गरी अभिलेख राख्ने छन् ।

(९)समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरे बमोजिम हुने छ ।

(१०)समितिको बैठक तथा सञ्चालन खर्चसम्बन्धी व्यवस्था गाउँपालिकाको नियमानुसार हुने छ ।

**३१)समितिको काम, कर्तव्य र अधिकार :** (१) बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्तिको लागि आवश्यक नीति, कानून,योजना, कार्यक्रम र संस्थागत संयन्त्रको व्यवस्था गर्न कार्यपालिकालाई सुझाव दिने,

(२)प्रचलित ऐनका बाल बालिकाको हक अधिकार तथा बाल संरक्षणसम्बन्धी प्रावधानको कार्यान्वयन गर्ने, गराउने,

३)समितिको दीर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,

४)बालबालिकाको हक अधिकार परिपूर्ति गर्न आवश्यक आर्थिक, भौतिक तथा मानवीय स्रोतको व्यवस्था गर्न संघ तथा प्रदेश तहका निकायसँग समन्वय र सहकार्य गर्ने,

५)गाउँपालिका भित्रका जोखिम अवस्थामा रहेका, विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको खण्डीकृत तथ्याङ्क सङ्कलन गर्ने र अद्यावधिक गर्ने,

६)गाउँपालिकाभित्र हुनसक्ने बालविवाह, बालश्रम, शारीरिक तथा मानसिक पीडा तथा बाल यौन दुर्व्यवहार लगायतका बाल हिंसाबाट पीडित वा प्रभावित बालबालिकाको उद्धार, पुनर्स्थापना, संरक्षण र व्यवस्थापन तथा कानूनी कारवाहीमा समन्वय, सहयोग र सहजीकरण गर्ने,

७)बालबालिकाको क्षेत्रमा पालिकाको आवश्यकता पहिचान तथा प्राथमिकीकरण गरी बालबालिकासँग सम्बन्धित योजना तर्जुमा गर्न गाउँ कार्यपालिकालाई सहयोग गर्ने,

८)गाउँपालिकाभित्रका वडा, विद्यालय, संरचना तथा निकाय एवं तिनको कार्य प्रक्रिया बालमैत्री बनाउन बालमैत्री स्थानीय शासन गाउँ समिति र कार्यपालिकासँग सहकार्य गर्ने,

९)बालमैत्री स्थानीय शासन अवलम्बन गर्न तथा बालमैत्री वडा तथा गाउँपालिका घोषणा गर्न प्राविधिक सहयोग गर्ने, गराउने,

१०)गाउँपालिकामा बालबालिकाको क्षेत्रमा कार्यरत संघसंस्था, बाल क्लब, अस्थायी बाल संरक्षण सेवा लगायतका निकाय एवं संस्थाहरूको फेहरिस्त तयार पारी कार्यमूलक समझदारी विकास गर्ने,

गाउँपालिका अध्यक्ष

गाउँपालिकाभित्र हुनसक्ने बाढी, पहिरो, हुरी बतास, भूकम्प र आगलागी लगायतका प्राकृतिक प्रकोप, व सिर्जित सङ्कट तथा स्वास्थ्यजन्य सङ्कट वा महामारीबाट बालबालिकालाई जोगाउन उद्धार, संरक्षण व्यवस्थापनमा सहयोग गर्ने, गराउने ।

बालक्लब,सञ्जाल तथा संस्थाको सहजीकरण गर्न वडा समिति र वडास्तरीय बाल अधिकार नलाई प्राविधिक सहयोगतथा क्षमता अभिवृद्धिमा सघाउने,

गाउँकार्यपालिकाले तोकेका बालबालिकासम्बन्धी अन्य कार्यहरू गर्ने, गराउने ।

**उपसमिति वा कार्य टोली गठन गर्न सक्ने :** (१) समितिले आफूले गर्नुपर्ने कुनै काम सुचारू रूपले लन गर्न समाजसेवी तथा बालमनोविज्ञ, शिक्षक, चिकित्सक तथा बाल अधिकारकर्मी समावेश भएको मिति वा कार्यटोली गठन गर्न सक्ने छ ।

उपदफा (१) बमोजिम उप-समिति वा कार्यटोली गठन गर्दा त्यस्तो उप-समिति वा कार्यटोलीको काम, व र अधिकार तोक्नु पर्नेछ ।

उपदफा (१) बमोजिमको उप समिति वा कार्यटोलीका संयोजक वा सदस्यहरूले तोकिएका कार्य पन पालिकाको नियमानुसार समितिले तोकेबमोजिम सेवा सुविधा लिन सक्ने छन् ।

**बालबालिकाको स्थिति प्रतिवेदन प्रकाशित गर्नु पर्ने :** (१) समितिले प्रत्येक वर्ष देहाय बमोजिमका तथा विवरणहरूसमेत संलग्न गरी बालबालिकाको स्थिति प्रतिवेदन तयार गर्नुपर्ने छः

बालबालिकाको कुल जनसङ्ख्या, लैङ्गिक, जातीय तथा अपाङ्गताका आधारमा गरिएको वर्गीकरण,

बालबालिकाको शैक्षि क स्थिति र उनीहरूको आधारभूत स्वास्थ्य सेवामा पहुँच,

बालवालिकाको परिवार भए, नभएको तथा उनीहरूको हेरचाह तथा पालनपोषणको स्थिति,

बालबालिकामाथि हुन सक्ने जोखिम तथा त्यसलाई न्यूनीकरण गर्न अवलम्बन गरिएका उपायहरू न दुर्घटनामा परेका तथा मृत्यु भएका बालबालिकाको विवरण,

बालक्लब, संस्था, वडा वा पालिकास्तरीय सञ्जालको संख्या तथा पालिकाको निर्णय प्रक्रियामा तिनको गिता सम्बन्धी विवरण,

उंपालिका क्षेत्रभित्र बालबालिकाको क्षेत्रमा काम गर्ने संस्थाहरूको विवरण,

ङ्घीय सरकार, प्रदेश सरकार तथा पालिकाको कार्यक्रम अन्तर्गत बालकोष तथा अन्य संस्था एवं हरूबाट सम्पन्न गरिएका कामहरूको प्रगति विवरण ।

दफा (१) बमोजिम प्रतिवेदन तयारगर्दा समितिले पालिकामा क्रियाशील संस्थाको सहयोग लिन वा समिति वा कार्यटोलीलाई स्थिति प्रतिवेदन तयार गर्ने जिम्मा दिन सक्ने छ ।

कार्यविधि बमोजिम स्थिति प्रतिवेदन तयार गर्दा आवश्यक सूचना जानकारी उपलब्ध गराउनु का पदाधिकारी, कर्मचारी, विभिन्न शाखा एवं साझेदार संस्था सबैको कर्तव्य हुने छ ।

गाउँपालिका अध्यक्ष

४ स्थिति प्रतिवेदन उल्लङ्घन नहुने गरी गर्नुपर्ने छ।

५ यस दफा बमोजिमको प्रतिवेदन वार्षिक रूपमा लुम्बिनी प्रदेशको प्रदेश बाल अधिकार समिति र राष्ट्रिय बाल अधिकार परिषद्मा पठाउनु पर्नेछ र प्रतिवेदनको विद्युतीय प्रति गाउँपालिकाको वेबसाइट मार्फत सार्वजनिक गर्नुपर्ने छ।

**(३४)वडास्तरीय बालअधिकार समिति** : (१)गाउँपालिकाले आफ्ना प्रत्येक वडामा बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रवर्धन र परिपूर्ति गर्नका लागि प्रत्येक वडामा बाल अधिकार समिति गठन गर्न सक्ने छ।

२ वडा बालअधिकार समितिको गठन देहाय बमोजिम हुने छ :

क वडाध्यक्ष वा निजले तोकेको वडा सदस्य - संयोजक

ख वडा सदस्यमध्ये दुई जना महिला पर्ने गरी वडाध्यक्षले तोकेको ३ जना -सदस्य

ग वडामा रहेका विद्यालयका प्रधानाध्यापक वा शिक्षकमध्येबाट वडा समितिले मनोनित गरेको २ जना (१ जना महिला पर्ने गरी) -सदस्य

घ समाजसेवी वा बाल मनोविज्ञमध्येबाट वडा समितिले मनोनित गरेको १ जना -सदस्य

ङ वडा तहमा बालबालिकाको हक अधिकार प्रवर्धन एवं बाल संरक्षणका क्षेत्रमा क्रियाशील संस्था मध्येबाट वडा समितिले मनोनित गरेको १ जना -सदस्य

च वडामा रहेको प्रहरी कार्यालयका प्रमुख वा निजले तोकेको प्रहरी कर्मचारी -सदस्य

छ वडामा रहेका आमा समूह वा महिला स्वास्थ्य स्वयंसेविकामध्ये वडा समितिले मनोनित गरेको २ जना -सदस्य

ज वडास्तरीय बाल क्लब वा सञ्जालले मनोनित गरेको १ जना बालक र १ जना बालिका गरी २ जना -सदस्य

झ वडा सचिव - -सदस्य सचिव

३ उपदफा (२) को खण्ड (ज)बमोजिम बाल क्लब वा संस्थाको वडास्तरीय सञ्जाल गठन नभएको अवस्थामा गाउँपालिकामा दर्ता भएका बालक्लब वा संस्थाले एक एक जना बालबालिका प्रतिनिधि मनोनयन गरी पठाउने छन्।

४ वडा बाल अधिकार समितिका संयोजक र सदस्यको कार्यकाल चार वर्षको हुने छ।

५ पदीय हैसियतमा वडा बाल अधिकार समितिमा सदस्य मनोनित भएका सदस्य मनोनयनका बखत बहाल पदमा नरहेमा निज वडा बाल अधिकार समितिको सदस्य रहने छैनन्।

६ उपदफा (५)बमोजिम वा अन्य कुनै कारणवश वडा बाल अधिकार समितिको सदस्य पद रिक्त भएमा त्यसको यथाशीघ्र पदपूर्ति गरिनेछ तर, त्यस्तो पदपूर्ति नभएकै कारण वडा बाल अधिकार समितिको काम कारवाहीमा बाधा पुग्ने छैन।

... प्रसाद बरई
गाउँपालिका अध्यक्ष

**३५. वडा बाल अधिकार समितिको बैठकसम्बन्धी व्यवस्था :** (१) वडा बाल अधिकार समितिको बैठक सम्बन्धी व्यवस्था देहाय बमोजिम हुने छ :

क) बैठक कम्तीमा दुई महिनामा एक पटक वडा बाल अधिकार समितिका संयोजकले तोकेको मिति, समय र स्थानमा बस्नेछ। तर, वडा बाल अधिकार समितिले आवश्यक ठानेमा जुनसुकै बेला बैठक बस्न सक्ने छ।

ख) वडा बाल अधिकार समितिको बैठक सो समितिको संयोजकको निर्देशनमा सदस्य सचिवले बोलाउने छ।

ग) सदस्य सचिवले समितिको बैठक बस्ने सूचना सहित बैठकमा छलफल हुने विषयको सूची तीन दिन अगावै वडा बाल अधिकार समितिका सदस्यलाई उपलब्ध गराउनु पर्ने छ।

घ) वडा बाल अधिकार समितिमा तत्काल कायम रहेका सदस्य सङ्ख्याको पचास प्रतिशतभन्दा बढी सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिने छ।

ङ) बैठकमा उपस्थित सदस्यको बहुमतको निर्णयलाई बैठकको निर्णय मानिने छ। मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्ने छ।

च) वडा बाल अधिकार समितिको अध्यक्षले बैठकको अध्यक्षता गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यले आफु मध्येबाट छानेको सदस्यले बैठकको अध्यक्षता गर्ने छ।

छ) वडा बाल अधिकार समितिको बैठकमा आवश्यकता अनुसार बाल अधिकार तथा बाल संरक्षणको क्षेत्रमा कार्यरत निकाय, संघ संस्थाका प्रतिनिधि एवं विज्ञलाई आमन्त्रण गर्न सकिने छ ।

ज) वडा बाल अधिकार समितिको निर्णय संयोजक र सदस्य सचिवले प्रमाणित गरी सदस्य सचिवले अभिलेख राख्ने छ।

झ) वडा बाल अधिकार समितिको बैठक सम्बन्धी अन्य कार्यविधि समितिले निर्धारण गरे बमोजिम हुने छ।

ञ) वडा बाल अधिकार समितिको बैठक भत्ता तथा सञ्चालन खर्च गाउँपालिकाको निर्णय बमोजिम हुने छ।

ट) वडा कार्यालयले वडा बाल अधिकार समितिको सचिवालयको रूपमा समेत कार्य गर्ने छ।

**३६. वडास्तरीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार :** (१) वडास्तरीय बाल अधिकार समितिको काम, कर्तव्य र अधिकार देहायबमोजिम हुने छ :

क) वडामा रहेका सबै बालबालिका, विशेष हेरचाह र संरक्षणको आवश्यकता भएका, जोखिममा रहेका, उद्धार गरिनुपर्ने तथा पुनःस्थापना भएका बालबालिकाको खण्डीकृत तथ्याङ्क सङ्कलन गर्ने, अद्यावधिक गर्ने र समितिमा पेस गर्ने,

ख) वडाभित्र आधारभूत तहको शिक्षा प्राप्त गर्ने उमेर समूह ( १३ वर्ष उमेर पूरा नभएका) का सबै बालबालिका विद्यालयमा आएको, पढाइलाई निरन्तरता दिएको तथा कानुनले तोकेको उमेर नपुगेका बालबालिका श्रममा संलग्न नभएको यकिन गर्न निरन्तर अनुगमन गरी समितिसँग सहकार्य गरी बालबालिकाको अधिकार प्रत्याभूति गर्ने, गराउने,

[signature] ... प्रसाद बर...
गाउँपालिका अध्यक्ष

(ग) वडामा बालबालिकाको क्षेत्रमा कार्यरत निकाय, सामाजिक संस्था, बालक्लब वा संस्था तथा तिनको सञ्जाल तथा समितिहरूको फेहरिस्त तयार पार्ने, त्यसलाई अर्धवार्षिक रूपमा अद्यावधिक गरी अभिलेख राख्नुका साथै एक प्रति समितिमा पेस गर्ने ।

(घ) वडातहमा बालबालिकाको क्षेत्रमा योजना तथा कार्यक्रम तर्जुमा गर्ने,

(ङ) वडाबाट प्रस्तावित हुने बाल अधिकार सम्बन्धी योजना, नीति तथा कार्यक्रम सहभागितामूलक ढङ्गबाट निर्माण गर्न वडा समितिलाई प्राविधिक सहयोग गर्ने, गराउने,

(च) वडा तहमा बाल अधिकारसम्बन्धी सचेतना अभिवृद्धि, प्रशिक्षण कार्यक्रम सञ्चालन गर्ने, गराउने,

(छ) वडालाई बालमैत्री बनाउने प्रक्रियाको नेतृत्व लिने,

(ज) वडातहमा बाल अधिकारका लागि कार्यरत सरकारी निकाय, सङ्घ संस्था, परियोजना तथा सेवाहरूको नक्साङ्कन, समन्वय तथा सहकार्य गर्ने,

(झ) बालबालिकाको सम्बन्धमा प्राप्त उजूरीहरूको सङ्कलन गर्ने र राय सहित समितिसँग परामर्श गरी सम्बन्धित निकायमा पठाउने,

(ञ)प्रभावित बालबालिकाको उद्धार, संरक्षणका लागि समन्वयकारी भूमिका निर्वाह गर्ने तथा समितिको निर्देशन अनुरूप कार्य गर्ने,

(ट) वडामा रहेका बालक्लब, सञ्जाल, समूहको सूची तयार गरी समितिमा पेस गर्ने,

(ठ) वडा तहको योजना निर्माणमा बालबालिकाको सहभागिता सुनिश्चित गर्न वडास्तरीय बाल भेलाको आयोजना गर्ने तथा पालिका स्तरीय बाल भेलाको सञ्चालनमा सघाउने,

(ड) वडा बाल अधिकार समितिका बैठकका निर्णयहरू एवं सम्पन्न गरिएका सबै काम कारबाहीहरूको अभिलेख अद्यावधिक गरी दुरुस्त राख्ने र अर्धवार्षिक रूपमा समिति र गाउँपालिकामा पेश गर्ने,

(ढ) वडास्तरमा बालश्रम, बालविवाह, बेचविखन, ओसारपसार, बालबालिका विरुद्ध हुने हिंसा, दुर्व्यवहार शोषण अन्त्यका लागि बालसंरक्षण मापदण्ड तयार गरी कायान्वयन गर्ने,

(ण) गाउँपालिका, समिति तथा वडा समितिले तोकेका अन्य कार्यहरू गर्ने, गराउने ।

## परिच्छेद-८

## स्थानीय बाल कोषको स्थापना, सञ्चालन तथा व्यवस्थापन

**३७. बालकोष :** (१) विशेष संरक्षणका आवश्यकता भएका, जोखिममा परेका तथा हिंसा प्रभावित बालबालिकाको उद्धार, अस्थायी संरक्षण सेवा, स्वास्थ्य उपचार, शैक्षिक प्रबन्ध, मनोसामाजिक सहयोग, राहत, पारिवारिक पुनर्मिलन तथा सामाजिक पुनःस्थापनासमेत गराउन गाउँपालिकामा बालकोष रहने छ ।

(विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाहरु भन्नाले यहि **बाल अधिकार संरक्षण, सम्बद्धन तथा प्रवर्धन सम्बन्धी एकीकृत कार्यविधि, २०८१ को** अनुसुचि ४ बमोजिमका बालबालिका हुने छन)

(२) उपदफा (१) बमोजिमको बालकोषमा देहाय बमोजिमका रकम रहने छन् ,

गाउँपालिका अध्यक्ष

(क) गाउँपालिकाबाट वार्षिक रूपमा विनियोजित बजेट,

(ख)बाल संरक्षणका लागि सङ्घीय सरकार एवं प्रदेश सरकारबाट प्राप्त रकम,

(ग) विदेशी सरकार, अन्तर्राष्ट्रिय संघ संस्था वा व्यक्तिबाट प्राप्त हुने रकम,

(घ) स्वदेशी सङ्घ संस्थाबाट प्राप्त हुने सहायता,

(ङ) निजी व्यवसायी तथा व्यक्तिहरूबाट प्राप्त हुने आर्थिक सहायता,

(च) गाउँपालिकाको न्यायिक समितिबाट बालबालिका विरूद्ध हिंसाका घटनामा गरिएको जरिवाना रकम,

(छ) अन्य कुनै स्रोतबाट भएको आम्दानी वा प्राप्त रकम ।

**३८.कोष सन्चालन उपसमिति** : (१) गाउँपालिकामा बालकोष सन्चालनका लागि देहाय बमोजिमको संयोजक र सदस्य रहेको बाल कोष सन्चालन उपसमिति रहने छ :

(क) गाउँपालिका बाल अधिकार समितिका अध्यक्ष - संयोजक

(ख) गाउँपालिका बाल अधिकार समितिका सदस्यमध्ये गाउँपालिकाका अध्यक्षले तोकेको १ जना -सदस्य

(ग) गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत -सदस्य

(घ) गाउँपालिकाको महिला तथा बालबालिका शाखा प्रमुख -सदस्य

(ङ) बाल कल्याण अधिकारी -सदस्य सचिव

**३९.बाल कोष सन्चालन उपसमितिको काम, कर्तव्य र अधिकार** : (१) बाल कोष सन्चालन उपसमितिको काम,कर्तव्य र अधिकार देहाय बमोजिम हुने छ :

क) जोखिमपूर्ण अवस्थामा रहेका र विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको उद्धार गर्ने, स्वास्थ्य उपचार गर्ने, पुनःस्थापना गर्ने तथा त्यस्ता बालबालिकालाई राहत उपलब्ध गराउने,

ख) कुनै बालबालिका जोखिमपूर्ण अवस्थामा भए वा नभएको निर्धारण गर्ने,

ग) समितिसँग समन्वय गरी कोषको रकम खर्च गर्न वा सो को वितरण सम्बन्धी मापदण्ड बनाई लागु गर्ने,

घ) स्वीकृत मापदण्ड बमोजिम कोषको परिचालन गर्ने, गराउने र कोषको रकमको सदुपयोग गर्ने,

ङ) बाल कोषबाट कार्यान्वयन भए गरिएका कार्यक्रमको अभिलेख राख्ने,

च) कोष वृद्धिको लागि स्रोतको खोजी गर्ने,

छ) कोषको आय व्ययको विवरण चौमासिक रूपमा समितिमा समक्ष प्रस्तुत गर्ने ।

**४०. बाल कोष सन्चालन उपसमितिको बैठक सम्बन्धी व्यवस्था** : (१)बालकोष सन्चालन उपसमितिको बैठक आवश्यकता अनुसार संयोजकले तोकेको मिति, समय र स्थानमा बस्ने छ ।

गाउँपालिका अध्यक्ष

(२)बाल कोष सञ्चालन उपसमितिको बैठक बस्नुभन्दा कम्तीमा चौबीस घण्टा अगावै सदस्य -सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सदस्यलाई दिनु पर्ने छ ।

(३) बालकोष सञ्चालन उपसमितिको दुई तिहाइ सदस्य उपस्थित भएमा समितिको बैठकको लागि गणपूरक सङ्ख्या पुगेको मानिने छ ।

(५)बाल कोष सञ्चालन उपसमितिको बैठकको अध्यक्षता सो उपसमितिको संयोजकले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यले आफूमध्येबाट छानेको सदस्यले अध्यक्षता गर्ने छ ।

(६)बाल कोष सञ्चालन उपसमितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिने छ ।

(७)बाल कोष सञ्चालन उपसमितिको निर्णय सदस्य सचिवले प्रमाणित एवं अधावधिक गरी राख्ने छ ।

(८)जोखिममा रहेका बालबालिकाको आकस्मिक उद्धार तथा पुनःस्थापना गर्नुपर्ने अवस्थामा बालकोष सञ्चालन उपसमितिको संयोजक र सदस्य सचिवको सहमतिले आवश्यक रकम निकासा गरी खर्च गर्न सकिने छ ।

नर त्यसरी खर्च गरिएको रकम त्यसपछि लगत्तै बसेको बालकोष सञ्चालन उप समितिको बैठकबाट अनुमोदन गराउनु पर्ने छ ।

**४१. बाल कोषको उपयोग र खर्चको सीमा :** (१) बालकोषको उपयोग देहाय बमोजिमको प्रयोजनको लागि गर्न सकिने छ :

क)विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको पहिचान गर्न,

ख)विशेष संरक्षणको आवश्यकता भएका तथा आपतकालीन अवस्थाका बालबालिकाको उद्धार गर्न,

ग)विशेष संरक्षणको आवश्यकता भएका तथा आपत्कालीन अवस्थामा रहेका बालबालिकालाई राहत, अस्थायी संरक्षण सेवा, मनोसामाजिक परामर्श, स्वास्थ्य उपचार, कानूनी उपचार, शैक्षिक प्रबन्ध लगायतका सेवा प्रदान गर्न,

घ)विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको परिवारको खोजी गर्न, परिवार सुदृढीकरण गर्न, बालबालिकालाई परिवारमा पुनर्मिलन गर्न एवं सामाजिक पुनःस्थापना गर्न, गराउन,

(२) **सहयोगको आधार र मापदण्ड**: विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई आर्थिक सहयोग उपलब्ध गराउंदा देहाय बमोजिमको आधार र मापदण्डका आधारमा हुने छ :

क) विशेष संरक्षणको आवश्यकता भएका बालबालिकालाई समितिले निर्णय गरी प्रतिव्यक्ति पाँच हजार रुपियाँसम्म ।

ख) हिंसा पीडित बालबालिकाको लागि अस्थायी आवास, मनोसामाजिक परामर्श, यातायात तथा कानूनी सहायतासमेत दिनका लागि एक पटकमा अधिकतम पाँच हजार रुपियाँसम्म ।

गाउँपालिका अध्यक्ष

(३) निवेदन दिन सक्ने : विशेष संरक्षणको आवश्यकता भएका बालबालिकाको संरक्षण, उद्धारर राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन बालबालिका वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाइ बालबालिकाको विस्तृत विवरण खुल्ने गरी निवेदन दिनुपर्ने छ।

(४) उपदफा ३ बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडित तथा प्रभावित बालबालिकालाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनु पर्ने मनासिव आधार देखिएमा सहयोगको आधार र मापदण्ड अनुसार निर्णय गरी उपलब्ध गराउन सक्ने छ।

(५) उपदफा ३ बमोजिम प्राप्त निवेदन उपर जाँचबुझ गर्दा पीडित तथा प्रभावितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनुपर्ने आधार नदेखिएमा सो को जानकारी निवेदकलाई गराउनु पर्नेछ।

(६) बालकोषको रकम तालिम, गोष्ठी, बैठक भत्ता, भ्रमण, अनुगमन तथा प्रशासनिक कार्य र सचेतनाका कार्यक्रम आदिमा खर्च गर्न पाइने छैन।

**४२.बाल कोषको खाता सञ्चालन :** (१) बाल कोषको रकम बालकोष सञ्चालन उपसमितिको निर्णयले कोष तथा लेखा नियन्त्रक कार्यालयको सहमतिमा नेपाल राष्ट बैकबाट इजाजत प्राप्त क वा ख वर्गको बैङ्कमा खाता खोली सञ्चालन गर्नु पर्नेछ।

(२) उपदफा (१) बमोजिमको खाता प्रमुख प्रशासकीय अधिकृत वा प्रमुख प्रशासकीय अधिकृतले तोकेको बाल कल्याण/अधिकृत र लेखा प्रमुखको संयुक्त दस्तखतमा सञ्चालन गर्नु पर्नेछ।

(३) प्रचलित कानुनमा जुनसुकै कुरा लेखिएको भएता पनि बालकोषको रकम खर्च नभई आर्थिक वर्षको अन्त्यमा बाँकी रहेमा त्यस्तो रकम फ्रिज हुने छैन ।

**४३.कोषको लेखा र लेखा परीक्षण :** (१) कोषको आय व्ययको लेखा प्रचलित कानून बमोजिम गाउँपालिकाको लेखा परिक्षण पद्धति अनुसार हुने छ ।

## परिच्छेद-९

## बालमैत्री स्थानीय शासन घोषणा तथा कार्यान्वयन सम्बन्धी व्यवस्था

४४.बालमैत्री स्थानीय शासन कार्यान्वयन प्रकियाः बालमैत्री स्थानीय शासन कार्यान्वयन निर्देशिका २०७८ अनुसार देहाय बमोजिमका प्रकृया रहने छन् :

**(१) पुर्व तयारी चरण :**(क) कार्यपालिकाबाट गाउँपालिकालाई बालमैत्री शासन कार्यान्वयन गर्न निर्णय गर्ने,

(ख) बालमैत्री स्थानीय शासनको अवधारणा सम्वन्धी पालिकास्तरीय समितिका पदाधिकारी र अन्य सरोकारवालालाई अभिमुखीकरण गर्ने,

(ग) कार्यपालिका र बालमैत्री स्थानीय शासन पालिकास्तरीय समितिबाट लिखित प्रतिबद्धता,

(घ) बालमैत्री स्थानीय शासनको अवधारणा र विद्यमान अवस्था सम्बन्धी कार्यान्वयन निर्देशिकाको सूचकमा आधारित भई गाउँपालिकामा बालबालिकाको अवस्था सम्बन्धी वस्तुगत विवरण (प्रोफाइल) तयार गर्ने र प्रकाशन गर्ने,

... प्रसाद ...
गाउँपालिका अध्यक्ष

(ङ) बालमैत्री स्थानीय शासनका सूचकको स्थानीयकरण गर्ने,

(च) बालमैत्री स्थानीय सूचक कार्यान्वयन गर्न आवश्यक स्थानीय आचारसंहिता तर्जुमा गर्ने ।

**(२) तयारी चरण :**

(क) पालिका र वडामा बालमैत्री स्थानीय शासनका लागि संस्थागत प्रबन्ध ( सम्पर्क शाखा, सम्पर्क व्यक्ति तोक्ने र जिम्मेवारी दिने) गर्ने,

(ख) बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने वडाहरू छनौट गर्ने,

(ग) बालबालिकाको क्षेत्रमा काम गर्ने सरकारी तथा गैर सरकारी निकायबाट बालमैत्री शासन कार्यान्वयनका लागि स्रोत सहितको प्रतिवद्धता प्राप्त गर्ने,

(घ) बालमैत्री स्थानीय शासन कार्यान्वयनका लागि योजना तयार गर्ने,

(ङ) बाल कोष सञ्चालन कार्यविधि स्वीकृत, बाल कोष स्थापना र सञ्चालन गर्ने,

(च) बालमैत्री स्थानीय शासन अवलम्बन गर्ने वडामा आवश्यकता अनुसार बाल क्लव, बाल सञ्जाल, टोल विकास संस्था /समुदायमा आधारित संस्थाहरुको गठन र परिचालन गर्ने,

**३) नीति तथा योजना तर्जुमाको र कार्यान्वयनको चरण**

(क) लगानी योजनामा आधारित भई बालमैत्री स्थानीय शासनका सूचक प्राप्त गर्न क्षेत्रगत क्रियाकलापहरूको तयारी गर्ने,

(ख) छनौट भएका क्षेत्रगत क्रियाकलापहरुको लागि आवश्यक बजेट विनियोजन गर्ने,

(ग) साझेदार र सरोकारवालाहरुको सञ्जाल निमार्ण, समन्वय र सहकार्य गर्ने,

(घ) स्वीकृत वार्षिक कियाकलापहरुको कार्ययोजना बनाई कार्यान्वयन गर्ने,

(ङ) बालमैत्री स्थानीय शासनका सूचक अनुसारको नतिजा प्राप्तिको सुनिश्चितता गर्ने ।

**४) अनुगमन मुल्याङ्कन तथा प्रतिवेदन चरण** (क) वडा समिति, गाउँ पालिका स्तरीय समितिबाट सूचक पूरा भएको अवस्थामा सरोकारवालाहरु समेतको सहभागितामा अनुगमन र समीक्षा गरी प्रतिवेदन तयारी गर्ने,

(ख) बालमैत्री स्थानीय शासनका सूचकका आधारमा स्थितिपत्र तयारी र सार्वजनिकिकरण गर्ने,

(ग) बालमैत्री घोषणाका लागि तोकिएको निकायबाट अनुगमन गर्ने,

घ) पालिकाबाट सूचक पूरा भएको प्रमाणिकरण गर्ने,

(ङ) बालमैत्री स्थानीय तह घोषणाका लागि तोकिएको निकायबाट अनुमति प्रदान गर्ने,

**५) बालमैत्री वडा,पालिका घोषणा र दिगोपनाका चरणंहरू :**

(क) बालमैत्री वडा /पालिका घोषणा पश्चात्को रणनीति योजना तर्जुमा गर्ने,

...प्रसाद बरड
गाउँपालिका अध्यक्ष

(ख) बालमैत्री वडा घोषणा गर्न स्तरीय समितिको निर्णयबाट र गाउँपालिका घोषणा गर्न गाउँ सभाबाट निणर्य गर्ने,

(ग) बालमैत्री वडा/गाउँपालिका घोषणा गर्ने,

(घ) बालमैत्री वडा गाउँपालिका घोषणा पश्चात्को रणनीतिक योजना कार्यान्वयन गर्ने,

ङ) वार्षिक प्रतिवेदन तयारी र प्रकाशन गर्ने,

(च) बालमैत्री स्थानीय शासनका सूचकहरूको दिगोपनाको सुनिश्चितता

**४५.बालमैत्री स्थानीय शासन गाउँपालिका समिति**

**१) गठन:** बालमैत्री स्थानीय शासन सञ्चालेन गर्नका लागि देहाय बमोजिमको बालमैत्री स्थानीय शासन गाउँस्तरीय समिति रहनेछ :

(क) गाउँपालिका अध्यक्ष — अध्यक्ष

(ख) गाउँपालिकाउपाध्यक्ष — सदस्य

(ग) गाउँपालिका प्रमुख प्रशासकीय अधिकृत — सदस्य

(घ) वडा अध्यक्ष (सबै) — सदस्य

(ङ) गाउँकार्यपालिका सदस्य, (सबै) — सदस्य

(च) शाखा प्रमुखहरू (स्वास्थ्य, शिक्षा, महिला तथा बालबालिका, खानेपानी तथा सरसफाई, गैरसरकारी संस्था समन्वय ) — सदस्य

(छ) महिला र बालबालिकाको क्षेत्रमा काम गर्ने स्थानीय गैरसरकारी संघ संस्था मध्येबाट गाउँपालिका अध्यक्षले मनोनयन गरेको एक महिला सहित २ जना प्रतिनिधि — सदस्य

(ज) स्थानीय विद्यालय र स्वास्थ व्यवस्थापन समितिहरू मध्येबाट गाउँपालिका अध्यक्षले मनोनयन गरेको १/१ जना प्रतिनिधि — सदस्य

(झ) गाउँपालिकामा कार्यरत महिला शिक्षिका र महिला स्वास्थ्य स्वयंसेविकामध्येबाट पालिका अध्यक्षले मनोनयन गरेको १/१ जना प्रतिनिधि — सदस्य

(ञ) गाउँपालिका स्तरीय बालक्लव सञ्जालका अध्यक्ष सहित (२ जना) (कम्तीमा १ जना बालिकासमेत — सदस्य

(ट)महिला र बालबालिकाको कार्यमा काम गर्ने सामुदायिक संस्था वा समुहमध्ये गाउँपालिका अध्यक्षले तोकेको महिला प्रतिनिधि (१ जना) — सदस्य

(ठ) गाउँपालिका क्षेत्रमा रहेका वडा प्रहरी कार्यालयका प्रतिनिधि — सदस्य

(ड) गाउँपालिका स्तरीय जेष्ठ नागरिक सञ्जाल अध्यक्ष प्रमुख १/१ जना — सदस्य

(ढ) लैङ्गिक तथा यौनिक अल्पसङ्ख्यकहरूमध्येबाट प्रतिनिधि — सदस्य

गाउँपालिका अध्यक्ष

(ण) गाउँपालिका स्तरीय अपाङ्गता सञ्जाल अध्यक्ष सदस्य

(त) गाउँपालिका स्तरीय किशोरी सञ्जाल अध्यक्ष सदस्य

(थ)सामाजिक विकास शाखा प्रमुख सदस्य सचिव

→यस समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा संस्थाका प्रतिनिधिहरूलाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।

**२) समितिको काम, कर्तव्य र जिम्मेवारी**

(क) बालमैत्री स्थानीय शासन सम्बन्धी पालिका स्तरको नीति, रणनीति, कार्यविधि तयार गर्ने र यस पद्धतिको प्रवर्धन गर्न र पालिकालाई नीतिगत पृष्ठपोषण गर्ने,

(ख) बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्धन गर्ने,

(ग) बालमैत्री स्थानीय शासन पद्धतिको लागि पार्श्व चित्र, लगानी योजना, वार्षिक कार्यक्रम तथा क्रियाकलापको तर्जुमा गर्न सहयोग गर्ने,

(घ) बालमैत्री स्थानीय शासन प्रवर्धनको लागि गाउँपालिकाबाट स्वीकृत कार्यक्रमको कार्यान्वयनमा सहयोग गर्ने,

(ङ) वडा तथा समुदाय स्तरमा रहेको समितिको भूमिका प्रभावकारी बनाउन सहयोग गर्ने,

(च) बाल क्लव तथा बाल सञ्जाल गठन तथा परिचालनमा सहयोग गर्ने,

(छ) स्थानीय तहमा बालबालिकाको क्षेत्रमा कार्यरत सरकारी निकाय एवं गैरसरकारी संघ संस्था बिच आवश्यक समन्वय गर्ने गराउने,

(ज) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको अनुगमन र मुल्याङ्कन गर्ने, गराउने ।

**४६बालमैत्री स्थानीय शासन वडा समिति गठन :** १) वडा स्तरमा बालमैत्री स्थानीय शासन सञ्चालन गर्नको लागि देहाय बमोजिमको बालमैत्री स्थानीय शासन वडा समिति रहने छ :

क) वडा अध्यक्ष अध्यक्ष

ख) वडा समितिको सदस्य (सबै) सदस्य

ग) वडामा रहको स्वास्थ्य संस्थाका प्रमुख सदस्य

घ) महिला र बालबालिकाको क्षेत्रमा कार्यरत स्थानीय गैरसरकारी सघं संस्था वा सामुदायिक संस्था वा टोल विकास संस्था मध्येबाट वडा अध्यक्षले मनोनयन गरेको प्रतिनिधि २ जना सदस्य

ङ) वडामा रहेका विद्यालय वा स्वास्थ्य व्यवस्थापन समिति मध्येबाट वडा अध्यक्षले मनोनयन गरेको प्रतिनिधि ३ जना सदस्य

च) वडामा कार्यरत महिला स्वयंसेविका सदस्य

छ) वडास्तरीय बाल क्लव सञ्जालका अध्यक्ष सहित २ जना (कम्तीमा १ जना बालिका) सदस्य

... प्रसाद ... गाउँपालिका अध्यक्ष

ज) वडा सचिव — सदस्य सचिव

→ यस समितिले आवश्यकता अनुसार सम्बन्धित क्षेत्रका विज्ञ तथा संस्थाका प्रतिनिधिहरूलाई बैठकमा आमन्त्रण गर्न सक्ने छ ।

**२) काम, कर्तव्य र जिम्मेवारी**

(क) बालमैत्री स्थानीय शासन सम्बन्धी वडा स्तरको योजना तयार गर्न र यस पद्धतिको प्रवर्धन गर्न वडा समितिलाई सहयोग गर्ने ,

(ख) बालमैत्री स्थानीय शासन पद्धतिको प्रवर्धन गर्न समन्वयकारी भूमिका निर्वाह गर्ने,

(ग) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रम कार्यान्वयन गर्न समन्वय गर्ने,

(घ) बाल क्लव गठन तथा परिचालनमा सहयोग गर्ने,

(ङ) वडामा बालबालिकाको क्षेत्रमा कार्यरत सरकारी निकाय, सामाजिक सघं संस्था र समूहबिच आवश्यक समन्वय गर्ने गराउने,

(च) बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यको अनुगमन गर्ने, गराउने,

**४७. बालमैत्री स्थानीय शासन समुदायस्तरीय समिति गठन : १)** बालमैत्री स्थानीय शासनलाई समुदायस्तरमा सञ्चालन गर्न का लागि देहाय बमोजिमको बालमैत्री समुदायस्तरीय समिति गठन गर्न सकिने छ :

(क) वडा समितिले तोकेको वडा समितिको सदस्य — अध्यक्ष

ख) वडा समितिमा सूचीकृत भएका टोल विकास संस्था/सामुदायिक संस्था/आमा समूहका अध्यक्षहरू सदस्य

ग) स्थानीय विद्यालय र स्वास्थ्य संस्थाका प्रतिनिधिहरू — सदस्य

घ) समुदायमा रहेका बाल क्लवका अध्यक्षहरू — सदस्य

→ समितिको अध्यक्षले समितिका सदस्यहरूमध्येबाट एक जनालाई सचिव तोक्न सक्नेछ ।

**२) समितिको काम, कर्तवय र जिम्मेवारी**

बालमैत्री स्थानीय शासन सम्बन्धी बस्तीस्तरको योजना तयार गर्न सहयोग गर्ने,

बालमैत्री स्थानीय शासन सम्बन्धी कार्यक्रहरूको लागि आवश्यक पैरवी गर्ने,

बाल अधिकारको प्रवर्धन हुने क्रियाकलाप तथा अभियानहरूमा सहयोग गर्ने,

समुदायस्तरमा बाल क्लव र परिचालनमा सहयोग गर्ने ।

प्रसाद बरु
नगरपालिका अध्यक्ष

## परिच्छेद-१०

## किशोर किशोरी समूह गठन तथा परिचालन

**४८. वडा स्तरिय किशोर किशोरी समुहगठनः** (१) २५ जनावा सो भन्दा बढी किशोर किशोरी भेला भई किशोर किशोरीको अधिकार प्रवर्धन गर्न तथा आफ्नो सरोकारको विषयमा कार्य गर्न वडास्तरमा गठन गर्न सक्ने छन् ।

२)एउटा वडामा एउटा मात्र किशोर किशोरी समूहगठन गर्न सकिने छ ।

३)समूहमा आबद्ध सबै किशोर किशोरी उक्त समूहको साधारण सदस्यका रूपमा रहने छन्।

४)समूहको साधारण सदस्य मध्येबाट ७० प्रतिशत किशोरी संख्या रहेको देहाय बमोजिमको एक कार्य समिति गठन गर्न सकिने छः

| | |
|---|---|
| (क अध्यक्ष | १ जना |
| (ख) उपाध्यक्ष | १ जना |
| (ग) सचिव | १ जना |
| (घ) सहसचिव | १ जना |
| (ङ) कोषाध्यक्ष | १ जना |

(च) कार्यकारी सदस्य ६ जनासम्म वा भेलाको सहमतिमा ६ भन्दा बढी पनि राख्न सकिने छ ।

५) अध्यक्ष र उपाध्यक्षमध्ये एकजना किशोरी हुनु पर्नेछ ।

६) जनजाति समुदायका, दलित एवं अपाङ्गता भएका किशोर किशोरीलाई कार्य समितिमा प्रतिनिधित्व गराउनु पर्नेछ र विशेष गरि विद्यालय छाडेका र जोखिममा रहेका किशोर किशोरीलाई पहिलो प्राथमिकता दिनु पर्नेछ ।

७)समूह तथा सञ्जालको पदाधिकारी तथा कार्यकारी सदस्य बन्न १० देखि १९वर्ष भित्रको हुनु पर्नेछ र कार्य अवधि २ वर्षको हुने छ ।

**४९. गौउँपालिका स्तरीय किशोर किशोरी सञ्जाल गठनः**

गाउँपालिका स्तरीय किशोर किशोरी सञ्जाल गठन गर्न सकिने छ ।

१) किशोर किशोरीको गाउँपालिका स्तरीय सञ्जाल गठन गर्ने प्रयोजनको लागि गाउँपालिकाका सबै वडामा गठन भएका किशोर किशोरी समुहबाट १ जना किशोर र २ जना किशोरी गरी ३ जनाको प्रतिनिधित्व हुने गरी भेलाको आयोजना गरिने छ ।

२) गाउँपालिका स्तरीय सञ्जालको कार्य समितिमा देहाय बमोजिमका पदाधिकारी तथा सदस्य रहन सक्ने छन् ।

| | |
|---|---|
| (क) अध्यक्ष | १जना |
| ख) उपाध्यक्ष | १ जना |
| ग) सचिव | १ जना |
| घ) सह-सचिव | १ जना |

गाउँपालिका अध्यक्ष

(ङ) कोषाध्यक्ष १ जना

( ३) गाउँपालिका स्तरीय सञ्जालको सहजीकरण गर्न बालबालिकाको विषय हेर्ने शाखाले १ जना सहजकर्ता तोक्न सक्ने छ ।

**५०. किशोर किशोरीको सहभागिता प्रवर्धन गर्नु पर्ने:**

(१)गाउँपालिकाले किशोर किशोरीसँग सम्वन्धित विषयमा आवधिक र वार्षिक योजना तर्जुमा गर्दाको निर्णय प्रकृयामा किशोर किशोरीको सहभागिता गराउने,

(२) वडा तथा गाउँपालिकाले आफ्नो योजना तर्जुमा प्रक्रिया र कार्यान्वयनका चरणमा किशोर किशोरीको प्रतिनिधित्व गराउने,

(३) वडा वा पालिका स्तरीय सञ्जालसँग सहकार्य गरी विद्यालय तथा वडा स्तरमा सह शैक्षिक क्रियाकलापहरू सञ्चालन गरी किशोर किशोरीको सहभागितालाई प्रोत्साहन गरिने,

४)किशोरकिशोरीको शारीरिक, मानसिक, तथा सामाजिक विकासमा फाइदा पुऱ्याउने खालका गतिविधि वा कार्यमा किशोरकिशोरीलाई संलग्न गराइने ,

(५) वडा तथा पालिका स्तरीय सञ्जालको सहजीकरणको प्रबन्ध गर्नु, गराउनु पर्नेछ ।

**५१. वडा वा पालिकास्तरीय किशोर किशोरी समूह तथा सञ्जालको काम, कर्तव्य र अधिकारः** वडा वा पालिका स्तरीय किशोर किशोरी समूह तथा सञ्जालको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(१)किशोर किशोरीको नेतृत्व तथा यसका क्रियाकलापमा अधिकतम अवसर पाउने गरी कार्यक्रम सञ्चालन गर्ने,

(२) किशोर किशोरीको हक हित एवं अधिकारको प्रवर्धन, सिर्जनात्मकता, खेलकुद तथा पठनपाठनमा सहयोग पुग्ने गरी कार्यक्रम सञ्चालन गर्ने,

(३) सदस्य किशोर किशोरीको क्षमता विकास गर्नेगरी हाजिरी जवाफ, वक्तृत्वकला, निबन्ध लेखन, साहित्यिक गतिविधि लगायतका क्रियाकलाप सञ्चालन गरी उनीहरूमा अन्तर्निहित प्रतिभाको प्रस्फुटन गर्न सघाउने,

(४) बाल अधिकार, बाल संरक्षण, जीवन उपयोगी सिप, किशोरावस्थामा आउने परिवर्तन, यौन तथा प्रजनन् स्वास्थ्य र अधिकार एवं व्यक्तित्व विकास सम्बन्धी तालिममा किशोर किशोरीलाई सहभागी गराउने,

५) किशोर किशोरीको सिकाइ एवं पठन संस्कृतिको विकास गर्न पुस्तकालय, वाचनालय, सूचना केन्द्र स्थापना एवं सञ्चालन गर्न पालिका वा अन्य संघ संस्था वा निकाय समक्ष पैरवी गर्ने,

(६)किशोर किशोरीको आमाबाबु, अभिभावक र परिवारका अन्य सदस्यलाई बाल अधिकार तथा किशोर किशोरीको अधिकारबारे सचेतना बढाउन सघाउने,

(ज) समुदायमा स्वास्थ्य, सरसफाइ र वातावरणका क्षेत्रमा चेतनामूलकक्रियाकलाप सञ्चालन गर्ने,

(झ) बालबालिका तथा किशोर किशोरीमाथि हुन सक्ने भेदभाव, हिंसा, दुर्व्यवहार, शोषण, हेपाइ, परम्परागत हानिकारक अभ्यास रोकथाम गर्न, कुनै घटना भएमा त्यसबारे उजुरी गर्ने संयन्त्र बनाउन तथा घटनाको सम्बोधन गर्न सहकार्य एवं पैरवी गर्ने,

(ञ) आफ्नो समुदायमा विद्यालय भर्ना हुने उमेर समूहका बालबालिका विद्यालय भर्ना हुनबाट वञ्चित भए नभएको अनुगमन गर्ने र विद्यालय उमेरका विद्यालय नगएको पाइएमा सम्बन्धित वडा कार्यालयसँग समन्वय गरी विद्यालय भर्ना गर्न पहल गर्ने,

(ड) आफ्नो टोल, समुदाय तथा वडामा सञ्चालन भएका विद्यालय भर्ना अभियान, विद्यालयमा भय रहित शिक्षण सिकाइ, जन्मदर्ता, खोप, पोषण, बालविवाह विरुद्ध, अभियानमा सहभागी हुने ।

**परिच्छेद -११**

... प्रसाद बरड
गाउँपालिका अध्यक्ष

## विविध

**५२. बालबालिकाको अधिकार तथा निजप्रतिको दायित्व प्रचलन गराउन सक्ने :** कसैले बालबालिकाको अधिकार उल्लङ्घन गरेमा वा बालबालिकाप्रतिको दायित्व पूरा नगरेमा गाउँपालिकाको न्यायिक समितिले अनुसूची ५ मा तोकिएको ढाँचामा उजुरी लिई यथार्थ अवस्था बुझी बालबालिकाको अधिकार प्रचलन गराउन वा बालबालिका प्रतिको दायित्व पूरा गर्न, गराउनुपर्ने भएमा सम्बन्धित व्यक्ति, परिवार, संस्था वा निकायलाई आदेश दिन सक्ने छ ।

५३. **बाल सरंक्षण मापदण्ड तथा आचारसंहिता पालना गर्नुपर्ने :**

गाउँपालिकाका सम्पूर्ण जनप्रतिनिधिहरू,शिक्षक,कर्मचारी, बालबालिकासँग प्रत्यक्ष सरोकार राखी कार्य गर्ने व्यक्ति, वडा तथा गाउँ बाल अधिकार समितिका सदस्य, बाल क्लव सञ्जालका सदस्य तथा समिति अन्तर्गत गठन गरिने उपसमिति वा कार्यटोली/कार्यदलका सदस्यहरूले समेत गाउँपालिकाले जारी गरेको बाल संरक्षण मापदण्ड एवं सो अन्तर्गतको आचारसंहितामा सहमति जनाई लिखित रूपमा सहीछाप गरी त्यसको पालना गर्नु पर्ने छ ।

५४. **स्रोतको व्यवस्थापन गर्नुपर्ने:** गाउँपालिका तथा वडाले बाल अधिकार प्रवर्धन, बाल संरक्षण तथा सम्बद्धन कार्यको योजना तर्जुमा एवम् कार्यान्वयन गर्न आवश्यक बजेट तथा स्रोतको व्यवस्थापन गर्नु पर्ने छ ।

५५. **सेवाप्रदायक निकाय तथा संस्थाको सूचीकरण गर्नुपर्ने :**गाउँपालिकाक्षेत्रभित्र बालबालिका संरक्षण, बाल अधिकारको प्रचलन, संरक्षण, प्रवर्धन तथा विकासको क्षेत्रमा क्रियाशील निकाय तथा संघ संस्थाहरूको सूचीकरण गर्नुपर्ने छ ।

**५६. प्रचार प्रसार तथा सचेतनामूलक कार्यक्रम सञ्चालन गर्नुपर्ने :** यस कार्यविधिको प्रभावकारिता बढाउन सञ्चार माध्यम तथा सामाजिक सञ्जाल मार्फत सचेतनामूलक सामग्री प्रचार प्रसार गर्नुपर्ने छ ।

**५७.प्रोत्साहन एवम् पुरस्कारको व्यवस्था** : बाल अधिकारको प्रवर्धन तथा बाल संरक्षण कार्यमा उल्लेखनीय योगदान दिने व्यक्ति, सामुदायिक संस्था, संघसंस्था, निजी क्षेत्रलाई गाउँपालिकाले प्रोत्साहन एवम् पुरस्कार प्रदान गर्न सक्ने छ ।

**५८. व्याख्या गर्ने वा बाधा अड्काउ फुकाउने अधिकार:** कार्यविधिको कार्यान्वयनको सिलसिलामा कुनै द्विविधा हुन गएमा सोको व्याख्या वा बाधा अड्काउ फुकाउने अधिकार मर्चवारी गाउँकार्यपालिकालाई हुने छ ।

**५९. संशोधन गर्न सक्ने: यस कार्यविधिलाई गाउँ सभाले आवश्यक संशोधन गर्न सक्ने छ ।**

**६०.यसै कार्यविधि बमोजिम भए गरेको मानिने:** यो कार्यविधि लागू हुनुभन्दा अघि गरेका बालबालिका सम्बन्धी कार्यहरू यसै कार्यविधि बमोजिम भए गरेको मानिने छ । यस कार्यविधिमा उल्लेख नभएका प्रक्रियाहरू अवलम्वन गर्दा बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारको कानूनमा भएको बालअधिकार संरक्षण, सम्बर्धन र प्रवर्धनका प्रक्रियाहरू अवलम्वन गर्न कुनै बाधा पर्ने छैन।

**६१.खारेजी तथा बचाउ:** बालबालिका सम्बन्धी प्रचलित नेपाल सरकार तथा प्रदेश सरकारको कानुनसँग यो कार्यविधि बाझिन गएमा बाझिएको हदसम्म अमान्य हुनेछ तर यो कार्यविधि लागू हुनुभन्दा अघि सम्पन्न भइसकेका काम कारबाहीहरू यसै कार्यविधि बमोजिम भएको मानिने छ ।

... प्रसाद घर्ती
गाउँपालिका अध्यक्ष

## अनुसूची -१

<u>बाल क्लब/बाल सञ्जाल/बाल संस्था दर्ताको निवेदन ढाँचा</u>

मिति :.........................

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
..............................पालिका
गाउँ कार्यपालिकाको कार्यालय
...............................

विषय :- बाल क्लब र बाल सञ्जाल र बाल संस्था दर्ता गरिदिनु हुन ।

महोदय,

हामीले.....................................................नामको/बाल क्लब/बाल सञ्जाल/बाल संस्था खोल्न चाहेकोले बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ३ को उपनियम (५) बमोजिम/बाल क्लब/बाल सञ्जाल/बाल संस्था दर्ता गर्नको लागि देहायको विवरण खोली निवेदन पेश गरेका छौं ।

**संलग्न गरिएका कागजातहरू**

१. प्रस्तावित बाल क्लब, बाल सञ्जाल वा बाल संस्थाको विधान,
२. प्रस्तावित बाल क्लब, बाल सञ्जाल वा बाल संस्था खोल्ने सम्बन्धमा भएको छलफल एवं निर्णयको प्रतिलिपि,
३.बाल क्लबमा आवद्ध सदस्य तथा पद सम्बन्धि विवरण,
४. बाल क्लब वा संस्था दर्ता गर्न चाहने बालबालिकाको नाम, थर, उमेर, अध्ययन गरिरहेको कक्षा, ठेगाना र जन्मदर्ताको प्रमाणपत्रको प्रतिलिपि वा अध्ययनरत विद्यालय वा आश्रित बाल गृहको सिफारिस पत्र,
५.बाल क्लब वा संस्थाको उद्देश्य तथा सो मार्फत् गर्न चाहेका मुख्य कामको विवरण,
६.बाल क्लब वा संस्थाको सदस्यताको किसिम, सदस्यता लिने प्रक्रिया तथा कार्य समितिमा रहने पदहरूको विवरण तथा निर्वाचित हुने प्रक्रिया र अवधि सम्बन्धी विवरण ।

निवेदक
..................
अध्यक्ष

... प्रसाद बर...
गाउँपालिका अध्यक्ष

## अनुसूची -२

**बाल क्लब/बाल सञ्जाल/बाल संस्था दर्ता प्रमाण पत्र**

..............................गाउँ/नगर/उपमहानगर/महानगर पालिका

..................... जिल्ला

......................प्रदेश

दर्ता नं.

**दर्ता प्रमाण-पत्र**

मिति :

............................................/बाल क्लब/बाल सञ्जाल/बाल संस्था

ठेगाना........................

................जिल्ला.....................पालिका........नं. वडाको......................विद्यालय र समुदायमा गठन गरिएको पालिकामा दर्ता गरी ................................संस्था /बाल क्लब/बाल सञ्जाल /बाल संस्थालाई यस ..........................पालिकामा दर्ता गरी बाल अधिकार संरक्षण, सम्वर्धन तथा प्रवर्धनका लागि बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ३ को उपनियम (६) अनुसार यो दर्ता प्रमाण पत्र प्रदान गरिएको छ।

बाल अधिकार संरक्षण, सम्वर्धन तथा प्रवर्धन कार्यमा नेपालको संविधान, बाल अधिकार सम्बन्धी अन्तर्राष्ट्रिय महासन्धि १९८९, बालबालिका सम्बन्धी ऐन, २०७५ तथा यसको नियमावली लगायन बालबालिका सम्बन्धी विद्यमान कानूनहरूको अधीनमा रही बाल अधिकार संरक्षण, सम्वर्धन र प्रवर्धन गर्ने अभियानमा सक्रिय सहभागिताको अपेक्षा गरिएको छ।

दस्तखत:

नाम :

पद :

प्रसाद बरई
गाउँपालिका अध्यक्ष

## अनुसूची -३

बाल क्लब/बाल सञ्जाल/बाल संस्था नवीकरणको निवेदन ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृत ज्यू,
मितिः...............

...............गाउँ पालिका
कार्यपालिकाको कार्यालय
.....................

विषय :- बाल क्लब र बाल सञ्जाल र बाल संस्था नवीकरण गरिदिनु हुन ।

महोदय,

...............जिल्ला...............गाउँपालिका.............नं.वडा.............स्थित...........विद्यालय/ समुदायमा आधारित हाम्रो...................................नामको/ बाल क्लब/बालसञ्जाल/बाल संस्था................................... पालिकामा बालबालिका सम्बन्धी नियमावली २०७८ को नियम ३ को उपनियम (६) बमोजिम मिति..........................मा दर्ता भै क्रियाशील रहदै आएको छ । हाम्रो दर्ता नं.........................रहेको छ । यस सिलसिलामा बालबालिका सम्बन्धी नियमावली, २०७८ को नियम ४ को उपनियम (१) बमोजिम यो/बाल क्लब/ बाल सञ्जाल/ बाल संस्था नवीकरण गर्नको लागि देहायको विवरण खोली निवेदन पेस गरेका छौं ।

हाम्रो यो/ बाल क्लब /बाल सञ्जाल/ बाल संस्थाले वर्षभरी सम्पन्न गरेका मुख्य क्रियाकलापहरूको संक्षिप्त विवरण, यस /बाल क्लब/ बाल सञ्जाल/बाल संस्थामा हाल कार्यरत रहेका सदस्यहरू तथा कार्य समितिमा रहेका पदाधिकारीहरूको विवरण यसैसाथ संलग्न गरिएको छ ।

संलग्न कागजातहरू:

१.आर्थिक वर्षमा गरेको मुख्य काम वा क्रियाकलापको संक्षिप्त विवरण,

२.कार्यसमिति सदस्य हेरफेर भएको विवरण (यदि हेरफेर भएको छ भने मात्र)

निवेदक

अध्यक्ष

... प्रसाद बरड
...उँपालिका अध्यक्ष

## अनुसूची -४

## संरक्षणको आवश्यकता भएका बालबालिका

(१) अनाथ बालबालिका,

(२)अस्पतालमा बेवारिस अवस्थामा छोडिएका बालबालिका,

(३) कुनै सार्वजनिक स्थानमा बेवारिस अवस्थामा छोडिएका बालबालिका,

(४) बेवारिस फेला परेका बालबालिका,

(५) बाबुआमाबाट अलग्गिएका बालबालिका,

(६) बाबुआमा पत्ता नलागी बेवारिस भएका बालबालिका,

(७) बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका

बालबालिका,

(८) कानूनी विवादमा परेका बालबालिकामध्ये दिशान्तर प्रकृया अन्तर्गत वैकल्पिक हेरचाहको लागि सिफारिस भएका बालबालिका,

(९) थुनामा रहेका वा बन्दी आमा वा बाबुसँग आश्रित भई कारागारमा रहेका बालबालिका,

(१०) जबरजस्ती करणी वा कानुन बमोजिम सजाय हुने हाडनाताबाट जन्मिएका शिशुलाई आफूले पालनपोषण गर्न नसक्ने भनी बाल कल्याण अधिकारी समक्ष निवेदन परेका बालबालिका,

(११) बाबु, आमा वा अभिभावकबाट दुर्व्यवहार, हिंसा वा बेवास्ता भएको कारणले बालबालिकाको उच्चतम हितको लागि परिवारबाट अलग गरिएका बालबालिका,

(१२) जबरजस्ती वा बँधुवा प्रकृतिका वा जोखिमपूर्ण वा निकृष्ट प्रकृतिको वा प्रचलित कानून विपरीत श्रममा संलग्न भई जीवनयापन गरिरहेका बालबालिका,

(१३) धूम्रपान, मद्यपान एवं अन्य लागूऔषधको कुलतमा फसेका, एच.आई.भी. सङ्क्रमित बालबालिका,

(१४) गम्भीर शारीरिक वा मानसिक स्वास्थ्य समस्या वा गम्भीर अपाङ्गता भएको कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेका बालबालिका,

(१५) सामान्य जीवनयापन गर्न कठिनाइ भएका बालबालिका,

प्रसाद ...
...उपालिका अध्यक्ष

(१६) बालबालिका विरुद्धको कसूरबाट पीडित भएका वा त्यस्तो जोखिममा रहेका बालबालिका,

(१७) विपद् वा सशस्त्र द्वन्द्वका कारणले बाबुआमा दुवै वा आमा बाबुमध्ये एक गुमाएका बालबालिका,

(१८) बाबुआमा दुवै वा आमा बाबुमध्ये एक बेपत्ता भएका बालबालिका,

(१९) आफै शारीरिक वा मानसिक रूपमा घाइते भएका बालबालिका,

(२०) अपाङ्गता भएका बालबालिका,

(२१) विपन्न दलित समुदायका बालबालिका,

(२२) नेपाल सरकार, महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालयले नेपाल राजपत्रमा सूचना प्रकाशन गरी विशेष संरक्षणको आवश्यकता भएका बालबालिका भनी तोकेका अन्य बालबालिका ।

## अनुसुची - ५

स्थानीय बाल अधिकार समिति तथा न्यायिक समितिमा उजुरी दिने निवेदनको ढाँचा

मिति :

श्री..............................गाउँ बाल अधिकार समिति/ न्यायिक समिति

..............................गाउँपालिका ।

विषय :- उजुरी सम्बन्धमा ।

१.विद्यार्थीको नाम थर.....................(आफूलाई नाम थर लेख्न मन नलागेमा नलेख्दा पनि हुने)

२. कक्षा............................(आफूलाई कक्षा लेख्न मन नलागेमा नलेख्दा पनि हुने)

३. विद्यालयको नामः

४. उमेरः

५. लिङ्गः

६. गुनासो तथा घटनाको संक्षिप्त विवरण..........................................................................

..........................................................................................................................

..........................................................................................................................

७. घटना घटाउने व्यक्ति..............................................................................................

८. घटनाको प्रकृति........................................................................................................

... प्रसाद बरु
गाउँपालिका अध्यक्ष

९. घटना वा समस्या नयाँ हो वा दोहोरिएको हो.........................................

१०. घटना वा समस्या समाधानका सम्भावित उपायहहरू के हुन सक्दछन ?

..........................................................................................................................................................

..........................................................................................................................................................

निवेदकको दस्तखत

(दस्तखत गर्न मन नलागेमा नगर्दा पनि हुने)